## राजपाले चुनाव चिन्ह नपाउने

काठमाडौं । राष्ट्रिय जनता पार्टीले आगामी असोज २ गते प्रदेश नम्बर २ मा तेस्रो चरणको निर्वाचनमा आफूले रोजेको चुनाव चिन्ह नपाउने भएको छ । निर्वाचन आयोगले तेस्रो चरणको निर्वाचनका लागि मतपत्र छापिसकेको र राजपाले दर्ताका लागि निवेदन दिए पनि दर्ता नभइसकेकाले मतपत्रमा राजपाको चुनाव चिन्ह राख्न नसकिने जनाएको हो । कानुनअनुसार निर्वाचन घोषणा भएपछि दल दर्ता नहुने र तेस्रो बाँकी ८ पेजमा

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ६ अंक १४, २०७४ साल असार ३० गते शुक्रबार, नेपाल संवत् ११३७ (July 14, 2017) Website : www.greaternepal.com.np मूल्य रु. १०।-

## राजेन्द्र बने मुख्य सचिव



काठमाडौं । सरकारले राजेन्द्रकिशोर क्षेत्रीलाई मुख्य सचिवमा नियुक्त गरेको छ । उपराष्ट्रपति कार्यालय र उर्जा मन्त्रालयमा सचिव भइसक्नुभएका क्षेत्रीलाई वरिष्ठ सचिवमध्येबाट मुख्य सचिवमा नियुक्त गरिएको छ ।

क्षेत्रीलाई बिहीबार सम्पन्न मन्त्रिपरिषद् बैठकले तीन वर्षका लागि मुख्यसचिवमा नियुक्त गरेको हो । मुख्यसचिवको पदावधि तीन वर्षको भए पनि क्षेत्री उमेर हदका कारण कार्तिक ७ गते अवकाश पाउनुहुनेछ । उनले हिजैबाट कार्यभार सम्हाल्नुभएको छ ।

# भारतीय दादागिरीलाई चीनको चुनौती





काठमाडौं । चिनियाँ सत्तामा सिजिन पिङको अभ्युदयसँगै चीनले 'प्रो एक्टिभ' कूटनीति र आक्रमक सैन्य रणनीति अख्तियार गर्न सुरु गऱ्यो । नाथुला सीमाको चिनियाँ क्षेत्रमा चीनले सडक निर्माण गर्दा यो भारतीय भूभागअन्तर्गत पर्छ भन्दै भारतले सेना लगाएर निर्माण अवरुद्ध गऱ्यो । चीनले भारततर्फ बनाइएका दुईवटा अस्थायी बंकर ध्वस्त बनाएर यसको बदला लियो । यस घटनापछि चीन र भूटानको सीमा दोक्लममा भारतीय र चिनियाँ सीमा आम्नेसाम्ने भए । दोक्लम भूराजनीतिक तथा सामरिक दृष्टिले महत्वपूर्ण मानिन्छ ।

नाथुलाको चिनियाँ सीमाक्षेत्रको विवादले चीन र भारतबीच युद्धको स्थिति उत्पन्न हुने आशंका गर्न थालिएको छ । चीन र भारतबीचको यो सीमावर्ती घटनापछि तिब्बतको मानसरोवर जान लागेका ४७ समूहका तीर्थयात्रीलाई चीनले सीमा पार गर्न नदिई फर्काइएको छ । भारत चीनबीचको अस्वाभाविक द्वन्द्वले क्षेत्रीय सामरिक सन्तुलनलाई नै जटिल बनाएको छ । चीन र भारतबीचको टकरावको भूराजनीतिक र सामरिक प्रभावबाट नेपाल अछुत रहन नसक्ने निश्चित छ । दोक्लम प्रकरणबाट नेपालको राष्ट्रिय हित एवं सुरक्षामा पार्ने प्रभावलाई लिएर नेपालले उपयुक्त नीति र रणनीति बनाउन ढिलाइ गर्न नहुने स्थिति सिर्जना भइसकेको छ ।

भारतीय सेनाले आफ्नो सीमावर्ती क्षेत्रमा बनाएको दुईवटा बंकर चिनियाँ सेना पसेर ध्वस्त बनाइदियो । अनधिकृत रुपमा चिनियाँ सीमा सुरक्षा जवानहरु भारतीय भूमिमा पस्नुका कारण सिक्किम दोकला लाल्टेन चौकीबाट दुई देशको सेनाबीच तनाव सुरु भयो । चिनियाँ सेना ४५ दिनमा १२० पटक सीमापार गरेर भारतीय भूमितर्फ आएका छन् । चीनले बनाएको सडक बर्खा र पहिरोले भत्काएको हो । भारतीय सेनाले अवरोध गरेको होइन । नाथुला सीमा नाका आवतजावत गर्न चीनले रोकेको छ । भारतीय विदेश मन्त्रालयका प्रवक्ता गोपाल बगालेले आरोप लगाएका छन् ।

यस्तै चीनका परराष्ट्र मन्त्रालयका प्रवक्ता लुखाङले प्रेस माध्यममा भनेका छन्- चीनको सीमाञ्चल क्षेत्र डाङलाङमा सडक निर्माण गर्दा भारतीय सेनाले उनीहरुको भूभाग पर्छ भनी बाधा पुऱ्याए । भारतीय सुरक्षाकर्मी अनधिकृत रुपमा प्रवेश गर्दै चिनियाँ भूभागमा हुने सामान्य गतिविधिमा समेत अवरोध गरे । आफ्नो भूमिमा सडक निर्माण गर्न चीनन पूर्ण अधिकारयुक्त छ । चिनियाँ सीमाभित्र छिरेका भारतीय सुरक्षा सेना तुरुन्त फिर्ता गर्न आह्वान गरिन्छ । फिर्ता नगरी सडक बनाउन अवरोध गरे चीनले नाथुलामा सेना थप गर्नेछ । भारतीय तीर्थयात्रीलाई नाथुला भएर कैलाश मानसरोवर जान सडक बिग्रेकाले मर्मत सम्हार भइरहेको हुँला चिनियाँ परिचयपत्र दिन सकिँदैन । सीमा विवाद नसल्टिए ४७ समूहका भारतीय तीर्थयात्रीलाई सुरक्षाका कारण अनुमति दिन चीन बाध्य हुने छैन । यसबारे कूटनीतिक माध्यमद्वारा भारतलाई जानकारी गराइएको छ । भविष्यको क्रियाकलाप कस्तो हुने हो भन्ने कुरा भारतीय पक्षमा भर पर्छ । सुरक्षा चासोमा उनीहरु सजग हुनुपर्छ ।'

चीन र भारतबीच सीमा विषयमा वाकयुद्ध चलिरहँदा भारतीय सेना प्रमुख विपिन रावतले ग्यान्टोकको नाथुला क्षेत्र भ्रमण गरे । उनले भने- 'भारत टु एन्ड ए हाफ फ्रन्ट वार' युद्धका लागि तयार छ । चिनियाँ लिबरेसन आर्मी प्रवक्ता कर्णेल ऊ सियानले जवाफ दिए- बितेका कुराको रटान अनुत्तरदायी हो । भारतीय सेनाले ऐतिहासिक पाठ मनन गर्नुपर्छ । उनमा लडाइँको हिस्टेरिया छ । लडाइँको खैलाबैला बन्द गर्नुपर्छ । चीन र भारतबीचको सीमा विवादका कारण सन् १९६२ मा युद्ध नै भएको थियो । यस युद्धमा भारत पराजित भयो र नाथुला नाका बन्द गरियो । भारत र चिनियाँ सेना दुवैले एक अर्काको सीमा उल्लंघन गरेको विवाद चलिरह्यो र ११ अगस्ट १९६७ मा दुवै देशका सेनाबीच लडाइँ भयो । भारतीय प्रधानमन्त्री अटलविहारी बाजपेयीले २३ जुन २००३ मा चीन भ्रमणताका नाथुला भन्ज्याङ खोल्ने सम्झौता पत्रमा हस्ताक्षर गरेको तीन वर्षपछि यो व्यापारिक सीमा मार्ग पुनः संचालनमा आएको थियो ।

अहिले चीन भुटानबीच अप्रत्यासित रुपमा दोक्लम विवाद उत्पन्न भएको छ । सीमावर्ती क्षेत्रमा चीनले बनाउन थालेको निर्माणको विषयमा भारत चीन र भुटानबीच त्रिदेशीय विवाद चर्किंदै गएको छ । नाथुला, दोक्लम र चुम्बी उपत्यकाको भूराजनीतिक र सामरिक महत्व उच्च भएका कारण विवाद चर्किएको हो । तीनवटै क्षेत्रमा चीन र भारतको भूराजनीतिक र सामरिक स्वार्थ छ । दोक्लम लामो समयदेखि विवादित क्षेत्र हो । यसलाई चीन र भुटान दुवैले आफ्नो भन्दै आएका छन् । यसमा भारत अघि आउनु भनेको चीनसँग जोरी खोज्नु मात्र हो । भुटान भारतको कुनै बंगाल प्रदेशको विस्तारित रुप होइन । सुरक्षा र विदेश मामिलामाथि भारतको नियन्त्रण छ भुटानमा । भुटान एक स्वतन्त्र र सार्वभौम देश भएर पनि भारतद्वारा नियन्त्रित अवस्थामा छ । दोक्लम विवाद चीन र भुटानबीचको विवाद हो । तर यसमा भारत जोडिनुको कारण चीनको महत्वकांक्षी परियोजना 'वान बेल्ट वान रोड' (बीआरआई) नै हो । यसमा भारत सहभागी छैन । चीनको बीआरआई परियोजना सफल भए दक्षिण एसयाली मुलुकमा चीनको प्रभुत्व बढ्ने र आफ्नो मनोबल घट्ने मानसिकता पालेको छ बाँकी ८ पेजमा

## प्लास्टिक चामलको सन्त्रास



काठमाडौं । सक्कली चामलमा प्लास्टिकको चामल मिसाएर बेचेको अभियोगमा काठमाडौं प्रहरी परिसरले सीतापाइलास्थित शेरचन ब्रदर्श प्रालिका टंकप्रसाद शेरचनलाई पक्राउ गरेको छ । उनी आरटीसी ब्रान्ड चामलका आधिकारिक बिक्रेता हुन् । शेरचनको गोदामबाट प्रहरी प्रधान कार्यालयभित्रको १ नम्बर प्रहरी गणमा खानका लागि चामल ल्याइएको थियो । तर खाना सेलाएपछि भातको सिता भुइँमा झर्दा रबरजस्तै उफ्रिएपछि प्रहरीहरु आत्तिए । त्यसपछि पक्राउमा परे लङग्रेन चामल बेच्ने शेरचन । चामलको गुणस्तर जाँच खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभागले गरिरहेको छ ।

सामाजिक सञ्जाल तथा विभिन्न अनलाइन मिडियामा प्लास्टिकको चामलसँग सजग रहनुहोला भन्ने जस्ता खबर व्यापक रुपमा फैलिँदै गएका छन् । विभिन्न अनलाइन मिडिया तथा सामाजिक सञ्जालमा भिडियो सामग्री पोस्ट गर्दै प्लास्टिकको चामल, चिनी र अन्डाको विवरण आइरहेका हुन्छन् । प्लास्टिकको चामल हुन्छ या हुँदैन भन्ने विषयमा पर्याप्त प्रमाणहरु नभए पनि यो हल्ला विश्वव्यापी समस्याका रुपमा आएको छ । पछिल्ला केही दिनयता अफ्रिका तथा बाँकी ८ पेजमा

## सम्मान तथा राष्ट्रवादीहरुको भेला

**ग्रेटर नेपालको पाँचौं वार्षिकोत्सव**




काठमाडौं । ग्रेटर नेपाल साप्ताहिकको पाँचौं वार्षिकोत्सव तथा सम्मान कार्यक्रम सम्पन्न भएको छ । गत वैशाख महिनाबाट नै छैटौं वर्षमा प्रवेश गरेको भए पनि पत्रिकाको वार्षिकोत्सव भने असार २४ गते शनिबार मनाइयो । होटल अर्याल नयाँ बानेश्वरको सभा हलमा आयोजित समारोहको प्रमुख अतिथि पूर्वउपप्रधानमन्त्री तथा नेकपा मालेका महासचिव सीपी मैनालीले उद्घाटन गर्नुभएको थियो । कार्यक्रममा सप्तरी तिलाठीमा भारतीय अतिक्रमणका विरुद्ध संघर्षको नेतृत्व गर्ने देवनारायण यादवलाई १० हजार नगद पुरस्कारसहित ग्रेटर नेपाल सम्मान प्रदान गरिएको थियो ।

ग्रेटर नेपाल पत्रिकालाई सफलताको शुभकामना दिँदै प्रमुख अतिथि मैनालीले आजको सन्दर्भमा राष्ट्रियताको सवाल झनै जल्दोबल्दो र गम्भीर भएकाले राष्ट्रियताको रक्षाका लागि सम्पूर्ण देशभक्त राष्ट्रवादी शक्तिहरु एकढिक्का हुन जरुरी रहेको बताउनुभयो । उहाँले विशाल नेपालको इतिहास आधुनिक नेपालको लिखित प्रमाणसहितको इतिहास भएकाले यसको थप अध्ययन, अन्वेषण र स्मरण गर्न पुर्खाको गौरवलाई सदासर्वदा जोगाउन आवश्यक रहेको भन्दै ग्रेटर नेपाल पत्रिकाले उठाउँदै आएको विषयवस्तुको प्रशंसा गर्नुभयो । नेपाल एकीकरणको इतिहासको चर्चा गर्दै मैनालीले सिन्धुलीगढीको लडाइँमा कप्तान किन्लकको फौजलाई नेपालीले नहराएको भए सायद नेपाल एकीकरण हुने थिएन, त्यसैले वंशु गुरुङ नेतृत्वको फौजले लडाइँ जितेको उक्त दिनलाई अविस्मरणीय पार्न राष्ट्रिय एकता दिवसको रुपमा मनाउँदा सबैको समर्थन रहने बताउनुभयो । सुगौली सन्धिको खारेजीपछि राणा शाहीले विशाल नेपालको गुमेको भूभाग फिर्ता नमागेका कारण मेची-कालीमा खुम्चिएको भूमि पनि मिच्ने काम भएकाले विदेशी अतिक्रमण रोक्न सरकार र जनता सबैले भूमिका खेल्नुपर्छ भन्दै उहाँले सम्मानित हुनुभएका देवनारायण यादव र तिलाठीका बाँकी ८ पेजमा

## पश्चिम बंगालमा जातीय हिंसा



काठमाडौं । एक १७ वर्षीय किशोरले फेसबुकमा मुस्लिम धर्मका प्रवर्तक मोहम्मदको कार्टुन पोस्ट गरेपछि फैलिएको जातीय हिंसामा पश्चिम बंगालमा एक जनाको मृत्यु भएको छ भने दर्जनौं घाइते भएका छन् । विभिन्न सहरमा मुस्लिम र हिन्दूबीच झडप भइरहेका छन् । कार्टुन पोस्ट गर्ने किशोरलाई प्रहरीले पक्राउ गरे पनि सर्वसाधारण आक्रोशित छन् । उत्तेजित समूहले पछिल्लो एक सातादेखि प्रहरी स्टेशन, सरकारी कार्यालय, राजनीतिक दलका कार्यालयहरु सवारी साधन तोडफोड र आगजनी गरेका छन् । प्रदर्शन उत्तेजित हुन थालेपछि विद्यालय उद्योगधन्दा तथा कलकारखाना बन्द छन् । हिंसाका कारण सर्वसाधारण मानिस औषधिलगायतका आवश्यकीय सेवाबाट वञ्चित छन् । सामाजिक सञ्जालबाट थप हिंसा भड्किने आशंकामा सरकारले हिंसाग्रस्त जिल्लाहरुमा इन्टरनेट सेवा बन्द गरेको छ ।

पश्चिम बंगालका माल्डा र धुलागाडमा दिनहुँजसो हिन्दु र मुस्लिमबीच दंगा हुने गरेका छन् । जातीय हिंसाले जनजीवन कष्टकर बनेको छ । पछिल्लो घटनाले अन्य समुदायलाई हेर्ने सामान्य मानिसको दृष्टिकोणमा परिवर्तन आएको छ । पश्चिम बगालका वकिल अमिल्डा आचार्यको भनाइ बाँकी ८ पेजमा

**समय-सन्दर्भ |**

## सप्तकोशी उच्च बाँधमा भारतको जोड किन ?

**राजेन्द्र शर्मा**

प्रसिद्ध धार्मिक स्थल बराह क्षेत्र मन्दिरभन्दा करिब ४०० मिटर उत्तरमा पर्ने चतरामा अवस्थित कोशी नदीमा करिब २७५ देखि ३३५ मिटरसम्म अग्लो बाँध बनाउने योजना छ भारतको । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले आफ्नो भारत भ्रमणमा टनकपुर जिम्मा लगाउनुका साथै कोशी उच्च बाँधको पनि अध्ययन अगाडि बढाउन स्वीकृति दिएका थिए । सोही सम्झौताबमोजिम भारतले विस्तृत अध्ययन र डीपीआर तयार गर्न हतार गरिरहेको छ । यदि यो बाँध बनेका संसारकै अग्लो बाँध हुनेछ । सो बाँधमार्फत ५५०० मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्यका साथै भारत र नेपाल दुवैतर्फ ठूलो भूभाग सिंचाइ उपलब्ध हुने बताइँदैछ ।

नेपालमा करिब चार लाख हेक्टर र भारतमा नौ लाख हेक्टर जमिनमा सिंचाइ हुनेछ । यसका साथै १६० किलोमिटर लामो जलमार्ग निर्माण गरी कोशीबाट गंगा हुँदै भारतको कोलकाता बन्दरगाहसम्म जलपरिवहनको मार्ग बनाउनुपर्ने नेपालको सोच बुझिन्छ । अझ नेपालको तर्फबाट सुनकोशी कमला डाइभर्सअन्तर्गत सुनकोशी नदीको पानीलाई नहरमार्फत कमला नदीमा खसाल्ने आयोजना पनि कोशी उच्च बाँधअन्तर्गत नै बढाउने प्रस्ताव गरिएको छ । सुनकोशी नदीको पानी कमलामा खसाई मध्य तराईको लाखौं हेक्टर जमिन सिंचाइ गर्ने लक्ष्य नेपालको छ ।

भारतले कोशी उच्च बाँधबाट नेपाललाई अनेकौं फाइदा हुने तथ्य प्रस्तुत गर्दै हतारमा काम अगाडि बढाउन खोजिरहेको छ । तर यसबाट हुने नोक्सानीलाई गम्भीरतासाथ नेपालले लिन जरुरी छ । सप्तकोशी नदी संसारकै सबभन्दा बढी बालुवा बोक्ने नदीमध्ये चीनको एल्लो रिभरपछि दोस्रो नदी हो । तिब्बत तथा नेपालको हिमाली क्षेत्रबाट अनेकौं नदी नै यसका बालुवाका मुख्य स्रोत हुन् । नेपालको पहाडी भूगोल अति कमसल र भूक्षय धेरै सम्भावना भएको साथै उच्च बेगले बग्ने नदीले गर्दा बालुवा सिधै तल समथर भूमि हुँदै समुद्रसम्म पुग्ने गर्छ । यस्तो बालुवा बोक्ने नदीमा उच्च बाँध प्रस्ताव गरिनु प्राविधिक दृष्टिकोणले मात्र अनुपयुक्त नभएर वाातावरणीय प्रतिकूल असर गर्ने हुन्छ । बालुवा थुप्रिएर जलाशयको आयु चाँडै समाप्त हुने हुँदा आर्थिक दृष्टिकोणले समेत अनुपयुक्त हुने गर्छ । कुलेखानी जस्तो उच्च भागमा रहेको नदीमा बन्ने जलाशय लक्षित समयभन्दा धेरै पहिले बालुवाले भरिएको तथ्य विश्लेषण गर्दा कोशी जस्तो नदीमा बन्ने जलाशयको आयु त्यहाँ बहने बालुवाको कारणले धेरै अनिश्चित देखिन्छ । नेपालको भौगोलिक अवस्था र चट्टानहरुको बनोट भूगर्भविदहरुको भाषामा अझै पनि नयाँ मानिन्छ । यहाँको भौगार्भिक बनोट अझै परिवर्तनशील अवस्थामै छ । यहाँका चट्टान अझै स्थिर भइसकेका छैनन् र यस्तो अवस्थामा रहेको चट्टानमा पृथ्वीमा विभिन्न प्रक्रियामा ठूलो असर बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail.com, www.greaternepal.com.np
*Visit : www.youtube.com Surendra Dhakal Social Activist*

# जय गोर्खालैण्ड जय ग्रेटर नेपाल

**सुरेन्द्र ढकाल**
(अध्यक्ष देपसा मोर्चा)



दार्जिलिङवासीहरुले आफ्नो भाषा नेपाली भएको र नेपाली भाषीहरु बंगाली भाषाको अधिनमा बस्न चाहँदैनन् र उनीहरुको लागि त्यसै कारण बंगालबाट मुक्त छुट्टै प्रदेश चाहिन्छ भनेर सुरु भएको आन्दोलनमा सुरक्षा बलको गोलीले दिनहुँ नेपाली भाषीहरु मारिँदा छन्। यिनीहरुको आन्दोलन विश्वव्यापी होला भन्ने डरले अहिले त्यहाँ इन्टरनेट सेवा बन्द गरिएको छ भने आन्दोलनकारीहरुलाई घुँडा टेकाउन रासन पानी र खाद्य सामग्रीसमेत जान नदिई आर्थिक सामाजिक नाकाबन्दीसमेत लगाउन भारत सरकार लागि परेको छ। अब इन्टरनेट चलाउन र खाद्य सामग्रीहरु किन्न दिनहुँ दार्जिलिंगे नेपालीहरु सीमाक्षेत्र पशुपतिनगर हुँदै इलाम आउन थालेका छन्। इलामी जनताले जुन हार्दिकता उनीहरुप्रति देखाइरहेका छन्, त्यसले भाइ फुटाइ राज गर्ने विस्तारवादी भारतीयहरुको गालामा नराम्ररी थप्पड दिएको छ। आफ्नै देशका जनतामाथि भएको भए भारतले कहिले यस्तो नाकाबन्दी गर्ने थिएन। यो नाकाबन्दीबाट सोझै अर्थ के लाग्यो भने दार्जिलिङ र सिक्किम भनेको नेपाल हो र भारतले यिनीहरुलाई उपनिवेश बनाइरहेको छ जुन २१ औं शताब्दीमा स्वीकार्य छैन।

औपनिवेशिक शासनमा रहेका जनता जहाँसुकैका हुन उनीहरु स्वतन्त्र हुन चाहन्छन् र विश्व समुदायले यसको बारेमा यथोचित न्याय दिनैपर्दछ। अब नाथुलाबाट चिनियाँ सेना, कास्मिरबाट पाकिस्तानी सेना, पूर्वबाट बंगाली सेना अनि पशुपतिनगरबाट नेपाली सेना दार्जिलिङ छिर्नुपर्दछ। बंगलादेश र मेची महाकालीको सानो नेपालबीच रहेको १४ माइलको ककनेकलाई छिनाउनै पर्दछ अनि मात्रै अरुणाचल प्रदेशका सात देशहरु बंगलादेश जस्तै स्वतन्त्र राष्ट्र हुने छन्। आखिर इलाम र दार्जलिङ हिजो पनि एकै रगत थियो, आज पनि छ भन्ने पुष्टि भएको छ र भोलि त झनै टड्कारो रुपमा एकै हुनेछ। जय गोर्खालैण्ड, जय ग्रेटर नेपाल।

# चुनिएका स्थानीय प्रतिनिधिहरूसँग



**जगदीश लामिछाने**
रौतहट, पौराई

यो २० वर्षपछि भएको स्थानीय चुनाव हो। अहिले भर्खरै निकै स्थानीय प्रतिनिधि प्रसन्न भएर निर्वाचित भई आउनुभएको छ। बाँकी २ नं. प्रदेशमा पनि चुनाव गराउन जनता नै आतुर भएको बुझिदैछ। यसैले सर्वप्रथम चुनाव गराएर ल्याउनु हुने सम्पूर्ण जनतासहित निर्वाचित प्रतिनिधिलाई बधाई छ। जो असफल हुनुभयो उहाँहरु नै पनि भविष्यमा सफल हुनुहुनेछ भन्ने शुभकामना छ। असफलतालाई योग्य रुपमा प्रयोग गर्न सके सफलताको जननी हुन सक्छ। यसैले आशा गरौं हामी सबै मिलेर सहर तथा गाउँको स्तरोन्नति गरौं, स्वच्छ आचरण प्रोत्साहन गरेर भ्रष्ट आचरण हटाउँदै जानेछौं।

माध्यमिक शिक्षा अहिले जनप्रतिनिधिको स्थानीय निकाय जिम्मामा आएको छ। द्वन्द्वको सिर्जना भाषामा पनि नहोस् भन्ने कुरामा सचेत रही राष्ट्र भाषाको उन्नति र स्थानीय भाषाको पनि विकास गर्नुपर्छ। विदेशी अंग्रेजी भाषालाई त्यसपछि राख्दा कल्याण हुनेछ।

शिक्षालाई व्यवसायमुखी र श्रमको आदर गर्ने रुपमा विकास गरेपछि स्वतः समाज उन्नतिशील हुने नै छ। त्यसको निम्ति राष्ट्रभाषा नेपालीसँगै संस्कृत र संस्कृतिलाई राख्दा विश्वमा नेपालको शिर सदैव उच्च राख्न हामी सबै सतर्क हुनुपर्ने नै छ।

सामुदायिक वनहरुले पहिलेका नांगा पाखापखेरा र खोल्चीहरुमा वन बुट्यान भरिँदै गएको छ। अहिले चुरेकै वरपर बसाइँसराइले वनमाथि चाप परेको छ। हिमालयमा हिउँ पग्लन लागेको छ, चुरेमा पनि वन बुट्यान खोस्रँदै विदेश स्वदेशमा बालुवा ढुंगा आदि बेच्नेलाई जथाभावी गर्न दिँदा मरुभूमिकरणमा सहयोग पुग्न लागेको छ। वास्तविक सुकुम्बासीलाई मर्का नपारिकन पनि वन बुट्यान जोगाउन नसकिने होइन, हाम्रो चुरे यसैगरी विनाश हुँदै गए हामी पानी खान नपाउने काकाकुल हुनुपर्नेछ। बरु चुरेका वनमा जडीबुटी घाँसखेती बढाएर पशुपालन समेत प्रोत्साहन गर्न सकिने नै हुँदा हामी जनता र जनप्रतिनिधि मिलेर प्रकृतिप्रेमी बनौं, चुरेको संरक्षण गरौं।

दिल्लीमा गएर माओवादीलाई उद्धार गरिल्याउने नेपाली कांग्रेससहित सात दल अहिले उनीहरुकै नेताको कारणले अविश्वासी हुँदै गएर अब जुनसुकै दलका पनि राम्रा मान्छे मतदाताले छान्ने गरेको देखिएकै छ। विदेशीलाई हस्तक्षेपको बाटो गराइदिने नेता क्रमशः जनताबाट ठूलै दलका भए पनि विश्वास गुमाउँदै गएका छन्।

यसैले जुनसुकै दलको व्यक्तिको पनि राम्रा कामको समर्थन र नराम्रा कामको आलोचना गर्न सक्ने जनता भएका छन्। त्यसबखत नेपालको भाग्यले संयुक्त राष्ट्र संघबाट आएका इयान मार्टिन पनि दलविशेषतिर लागेबाट तिनै ७ दलमध्येकै सत्तासीन पदाधिकारीले उनलाई फिर्ता गरेपछि द्वन्द्वको दुःख धेरै समाधान भएको हो। त्यतिमात्र होइन, अहिले तपाईं जनप्रतिनिधि चुनावमा नेपालको राष्ट्रिय मानव अधिकार आयोगबाहेक अरु कुनै पनि विदेशी पर्यवेक्षक नबोलाइएको हुँदा पहिलो र दोस्रो स्थानीय चुनाव नेपालकै मात्र प्रयासमा भएको हो र २ नं. प्रदेश पनि त्यसैगरी हुने आशा गरिन्छ।

यसबाट के पनि देखियो भने हाम्रा जनप्रतिनिधि जनताको सेवा गर्न छोडी राष्ट्रलाई दुहुनु गाई बनाउने काम मात्र गर्न लागे भने चुनिएकै भए पनि सबै तहकालाई फिर्ता बोलाउन जनताले पाउने अधिकार राखी छोड्नु नितान्त आवश्यक भएको छ।

जनसेवक त्यसरी पेन्सन भत्ता अथवा ठूलै हैसियत खोज्न दिन नहुने कार्यको लागि पनि नेता फिर्ता हुन सक्ने कानुन तयार गर्न तपाई चुनिएकै जनप्रतिनिधिले सहयोग गर्नु हुने नै छ। यसरी निःस्वार्थी नेताले विदेशी हस्तक्षेप बोलाउने पनि छैन भन्ने आशा गरिन्छ। बाँकी २ नं.क्षेत्रका जनता र निर्वाचित भई आउने स्थानीय जनप्रतिनिधिहरुलाई पनि अग्रिम बधाई छ। सबै मिलेर सबै क्षेत्र र तहका नेतालाई फिर्ता बोलाउन पाउने कानुन पास गरौं। अस्तु।

## सम्पादकीय

# राष्ट्रपतिको विलासी सोख

देशको वर्तमान अर्थतन्त्रले रेमिट्यान्सको सहयोगमा सास धानिरहेको छ। विकास तथा निर्माणका ठूला आयोजनाहरू विदेशीको ऋण र लगानीमा बनिरहेका छन्। देशमा अझै २१ दशमलव ६ प्रतिशत जनता गरिबीको रेखामुनिको जीवनयापन गरिरहेका छन्। ती जनताले देशबाट आधारभूत सेवा तथा सुविधा पनि उपभोग गर्न पाएका छैनन्। राज्यले रोजगारी सिर्जनामा उचित लगानी गर्न नसक्दा बर्सेनि लाखौं नेपाली युवा कामको खोजीमा विदेशिइरहेका छन् र तिनै युवाले विदेशमा खतरा, फोहोर र अप्ठ्यारोसँग जुधेर आर्जन गरी पठाएको रेमिट्यान्सले देशको अर्थतन्त्र धानेको छ। पूर्वाधार विकास, निर्माण तथा सामाजिक रूपान्तरणका लागि आवश्यक भएको भन्दै लिइएको विदेशी ऋणको भार बढ्दै गएर अहिले हरेक नेपालीको टाउकोमा २१ हजार १ सय २९ रूपैयाँ ४१ पैसा वैदेशिक ऋण थोपरिएको छ। जसले राज्यबाट कुनै सुविधा र सहुलियत प्राप्त गरेको छैन। जसले बिरामी हुँदा एक चक्की सिटामोल पनि निःशुल्क पाउन सकेको छैन उसको टाउकोमा पनि ऋणको बोझ छ। यस्तो अवस्थामा आर्थिक अवस्था र राज्यको क्षमतालाई वास्ते नगरी राष्ट्रपतिको कार्यालयले राष्ट्रपतिका लागि नयाँ गाडी खरिद गर्न १६ करोड रूपैयाँ रक्षा मन्त्रालयमा प्रस्ताव गरेको समाचार सार्वजनिक भएको छ। दाताहरुको ऋण र सहयोगमा चल्ने सानो अर्थतन्त्र सोख पाल्नु आश्चर्यजनक छ। विद्यादेवी भण्डारी जननिर्वाचित राष्ट्रपति हुन् कि नवसम्राज्ञी ? सर्वसाधारणलाई खुट्याउन हम्मे परेको छ।

राष्ट्रपति पद आफैंमा अति विशिष्ट र सम्मानित पद हो। राष्ट्रपति मुलुकको शान भएका कारण उनको सुविधामा राज्यले ध्यान दिनैपर्छ। राष्ट्रपतिले पनि देश र जनताको अवस्था हेरेर सुविधा खोज्नुपर्छ। राजतन्त्र महँगो भयो भनेर त्यसलाई विस्थापन गरी देशमा गणतन्त्रको अभ्यास सुरु गरिएको हो। जसरी तत्कालीन राजा ज्ञानेन्द्रले आफ्ना लागि करोडौंको महँगो गाडी राज्य कोषबाट खरिद गर्न लगाएका थिए अहिले राष्ट्रपति भण्डारीले पनि त्यस्तै अनुशरण गर्नुले नवराजतन्त्रको अभ्यास भइरहेको पुष्टि हुँदैछ। प्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्रपति कार्यालयबाट गाडीका लागि १६ करोड माग नगरिएको संसदमा बताए पनि राष्ट्रपतिलाई सुविधा दिन सरकारले कन्जुस्याइँ नगर्ने बताएर माग रकम निकासा दिने संकेत गरेका छन्। राष्ट्रपतिका लागि गाडी किन्न चार करोड सरकारले दिए पनि अपुग भन्दै राष्ट्रपति कार्यालयले १६ करोडको माग गरेपछि सामाजिक सञ्जालका वालहरू त्यसको विरोधमा भरिनु स्वाभाविक हो। करोडौं मूल्यका गाडीहरू सिंहदरबारभित्र बेवारिसे अवस्थामा राखिएका छन्। तिनको आवश्यक मर्मत सम्भार गरेर उपयोग गरिए राज्यकोषको दोहन यसरी हुने थिएन। नर्वे जस्तो सम्पन्न देशका राजा साइकल चढेर घुमघाम गर्छन् तर नेपाल जस्तो हरिकंगाल देशका राष्ट्रपति १६ करोडको गाडी खोज्छिन्। दक्षिण अमेरिकी मुलुक उरूग्वेका तत्कालीन राष्ट्रपति जोसेफ म्युजिकाका बारेमा राष्ट्रपति भण्डारीले केही सुनेकै रहिनछिन्। जोसेफ कहिल्यै राष्ट्रपति भवनमा समेत बसेनन्। उनले सरकारी सुविधाको गाडी पनि लिएनन्। आफ्नै कृषि फर्मको पुरानो गाडी चढेर राष्ट्रपति कार्यालय जान्थे उनी। राष्ट्रपति कार्यालयबाट काम सकेर आफ्नै कृषि फर्ममा थोत्रे गाडी चढेर फर्किन्थे उनी। फुर्सदको समय श्रीमतीसँग कृषि फर्ममै काम गर्थे जोसेफ। उनले आफ्नो कार्यकालमा राज्यबाट आवश्यकीय थोरै खर्च मात्र लिए। अनावश्यक तलब भत्तामा कहिल्यै न्याल चुहाएनन्। उनी अहिले राष्ट्रपति छैनन् तर उरूग्वेको राजनीतिमा उनी आइडल मानिन्छन्। भारतका प्रथम राष्ट्रपति डा. राजेन्द्रप्रसादले उनका लागि तयार गरिएको महँगो स्प्रिङ्दार पलङलाई हटाउन लगाएर काठको खाटमा सुतेका थिए। भारतीयहरुसँग काठको खाट पनि छैन, डोरीको खाट छ यिनैको, अझ धेरै त भुइँमा सुत्छन् भने म यस्तो महँगो पलङमा कसरी सुत्न सक्छु ? भनेर उनले भनेका थिए।

राष्ट्रपति विद्यादेवी भण्डारीको राजनीतिक पृष्ठभूमि कम्युनिस्ट हो। सादा जीवन र उच्च विचारका जननेता मदन भण्डारीकी विधवा हुन् उनी। मदन भण्डारीकै राजनीतिक विरासतबाट उनी राष्ट्रपति बन्न सफल भएकी हुन्। दूरदराजका तृण तहका जनता जीवनजल र सिटामोलबाट समेत वञ्चित छन्। संसारकै गरिब देशमध्येको नेपालका राष्ट्रपति आधा अरब हारहारीको महलमा बस्नु र १६ करोडको गाडीमा सवार हुने मुराद पाल्नु आफैंमा विडम्बनापूर्ण छ।

## अबको क्रान्ति : पर्यावरणीय

सुदर्शन प्रधान

# आम्मै मेरी आमा ! तिमी कसरी बाँच्छ्यौ ?

स्व. लोकनारायण पिया र स्व. कुसुमादेवीको कोखबाट सन् १९३९ मा मेरी आमा तुलसीदेवीको जन्म तनहुँको बन्दिपुर बजारमा भएको थियो। उहाँले बाल्यकालमा सुख, शान्ति र समृद्धिको जीवन जिउनुभयो। सन् १९५१ मा १२ वर्षमै विवाह भएपछि उहाँका दुःखका दिन सुरू भए। सन् १९५४ मा १५ वर्षको उमेरमै उहाँले पहिलो सन्तान जन्माउनुभयो। त्यसपछि २१ वर्षको उमेरमा माइलो दाइ र २३ वर्षको उमेरमा मलाई जन्माउनुभयो। त्यसपछि २५ वर्ष, २९ वर्ष तथा ३२ वर्षको उमेरमा उहाँले छैटौं सन्तानको रूपमा कान्छो भाइ जन्माउनुभयो। हामी सन्तानहरू नै उहाँका सर्वस्व थियौं, जसको लालनपालन र शिक्षाका लागि उहाँले ठूलो परिश्रम गर्नुभयो। यसमा हजुरआमा रणकुमारीको पनि असीमित श्रमशक्ति र स्नेहले हामी सबै बच्चाहरू स्वस्थसँग हुर्क्यौं, बढ्यौं। पिताको भूमिका महत्वपूर्ण त थियो तर हुँदाहुँदै पनि उहाँ अलि ढुक्कराम हुनुहुन्थ्यो।

यहाँ म महामाता धरती भनौं पृथ्वी माताको कथाव्यथाबारे वर्णन गर्दै छु। परिवारका माता र महामाताका कथाव्यथाबारे अरू लेखहरूमा चर्चा गर्नेछु। विगत २० वर्षमा बन्दिपुरवरपरका झन्डै ६ सय परिवार चितवन नारायणगढमा बसाइँ सरे, ५० घर लमजुङ बेंसीसहरमा, ४०-५० घरपरिवार दमौलीमा, झन्डै १०० परिवार डुम्रे-विमलनगरमा, ४०० परिवार राजधानी काठमाडौंमा बसाइँ सरे। प्रायः ती सबैले बाहिर गएर ठूलो सङ्घर्ष गरी स्थापित भए। वर्तमान समाजमा जहाँ धनसम्पत्तिलाई ठूलो मानिन्छ, यो परिवेशमा ती सबैलाई तेजिला र बहादुर मान्नुपर्छ तर अब समाज र संसारलाई नयाँ दृष्टिकोणअनुरूप लिनुपर्छ। धनसम्पत्ति भन्नाले घरभवन, जग्गाजमिन, उद्योग, कलकारखाना, गरगहना, गाडीवाहन, नगद रूपियाँजस्ता कुराहरू पर्छन्। साथै नयाँ पुस्ताले त्यसका असली स्रोतहरू पनि खोज्नेछन्।

यहाँ प्रसङ्ग धरती माताको छ। मान्छेलाई धनसम्पत्ति भनेको जति नै भए पनि पुग्दैन र धनप्राप्तिको प्यास कति भयानक हुँदो रहेछ भन्ने यहाँ केही तथ्यहरू पेस गर्नेछु। धन भनेको प्रकृतिको विनाश गरेर मात्र प्राप्त हुन्छ भन्ने पनि सबैलाई स्मरण गराउन चाहन्छु। यहाँ केही प्रतिनिधि प्रवृत्तिहरू छन्, जुन आमरूपमा लागू हुन्छन्। यो बन्दिपुरेहरूलाई मात्र होइन, सम्पूर्ण समाज र संसारभरिका मानिसहरूलाई हो।

प्रथम– संवत् २०४० सम्म सामान्य आर्थिक अवस्थाको एक बन्दिपुरनिवासीले बाहिर गएर ठूलो मेहनत र श्रम गरी घरजग्गाहरू जोड्यो, राम्रो व्यापार पनि सञ्चालन गर्‍यो, केही वर्षअगि काठमाडौंमा करोडको घर किन्यो, फेरि अर्को पनि घर लियो। आज त्यत्तिले पनि सन्तोष नभई चाइनिज ईँटा उद्योग खोल्न तयारी गर्दै छ– मधेसतिर।

द्वितीय– पुर्ख्यौली सम्पत्ति पनि राम्रै भएको एक व्यक्ति, जसका तीनवटा सहरमा चारवटा भवन छन्, चारवटा उद्योग छन्, ११ ठाउँमा घडेरी छ। आज ऊ अझ ठूलो सेवामूलक उद्योग खोल्ने लक्ष्य लिएको बताउँछ।

तृतीय– २०३० सालमा काठमाडौं साथीको डेरामा बसी कलेजमा पढ्ने एक व्यक्तिले २०४० सालतिरै जागिरबाट राजधानीमा भव्य घर बनायो। २०६० तिर आउँदा यहाँ तीनवटा भवनहरू ठड्यायो, १५ ठाउँमा घडेरीहरू जोड्यो। ती घडेरीहरूको मूल्य मात्र अरबौं पुग्छ तथापि अझ ऊ राम्रो घडेरीको खोजीमा छ।

माथिका तीन व्यक्ति वर्तमान समाजका प्रतिनिधि पात्र मात्र हुन्। समाजका शतप्रतिशत मान्छेहरू त्यही मार्गमा लागेका छन् तर आर्थिक सफलताको सिँढीमा ती मात्र पुग्न सफल हुन्छन्, जो चतुर छन्। ती सम्पूर्ण आर्थिक र भौतिक कुराहरूको मूल स्रोत प्रकृति हो। यी वस्तुहरू जति धेरै जम्मा गरिन्छ, त्यति नै धरतीलाई आघात पुग्छ। तसर्थ सम्पूर्ण उपभोग्य वस्तुहरू आवश्यक मात्र राज्यले उत्पादन गर्नुपर्छ, सही र समान रूपले वितरण गर्नुपर्छ– प्रकृतिलाई सर्वोपरि मान्दै। व्यक्तिलाई त्यस्तो अधिकार दिँदा त्यसको कुनै सीमा हुँदैन। आज विश्वव्यापी यही प्रवृत्ति हावी छ र प्रकृतिलाई चारैतिरबाट मान्छेले आफ्ना नङ्ग्राले कोपरिरहेछ, दाह्राले चिथोरिरहेछ, सिङरूपी टाउकोले सिँगौरी खेलिरहेछ, लाती बजारिरहेछ। अझ मान्छेहरू यस्तो प्यासी बनेर मुख बाइरहेछन्, जसले हजार समुद्र सुकाउने क्षमता राख्छ। वास्तवमा प्रकृति भनौं पृथ्वीका सबै कुराहरूको एक निश्चित सीमा हुन्छ। जुन कारणले यहाँ बस्ने सबै प्राणी जिउन आवश्यक वस्तुहरू मात्र प्राप्त गर्ने एक निश्चित सीमा तोकिनुपर्छ र व्यवहारमा लागू हुनुपर्छ, अन्यथा यो संसार रहने छैन र भावी सन्ततिले यो सुन्दर धरती देख्न पाउने छैनन्। यही कारण वर्तमान मानवपुस्ता दन्त्यकथाको राक्षसभन्दा भयानक साबित हुनेछ।

# भानुजयन्तीमा कवितागोष्ठी

काठमाडौं। डिल्लीबजारस्थित सूर्योदय एजुकेसन फाउन्डेसनअन्तर्गत एस.ए.बी. पब्लिक स्कुलले नेपाली भाषा र साहित्यका मूर्धन्य स्रष्टा आदिकवि भानुभक्त आचार्यको जन्मजयन्ती मनाएको छ। विद्यार्थीहरूका बालप्रतिभाहरूको प्रस्फुटन र सम्मान गर्दै यस विद्यालयले २०४ औं भानुजयन्तीको अवसर पारेर उपत्यकाव्यापी स्थलगत कविता लेखन तथा वाचन कार्यक्रम सम्पन्न गर्‍यो। उपत्यकाका २० वटा विद्यालयका ४० जना विद्यार्थी सहभागी कार्यक्रमको उद्घाटन प्रमुख अतिथि, नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ तथा पद्य विभाग प्रमुख अमर गिरीले गरेका थिए। प्रतियोगीहरूलाई कविता लेखनबारे जानकारी तथा प्रशिक्षण भानु प्रतिष्ठानका शिवदेव घिमिरेले दिएका हुन्। प्रतियोगितामा एम्बिसन एकेडेमीकी अनुज्ञा नेपाल प्रथम, रिपुमर्दिनी सैनिक स्कुलकी पुष्पा गुरुङ दोस्रो र युनाइटेड स्कुलकी निष्टा लम्साल तृतीय भएका थिए। त्यस्तै गरी रिपुमर्दिनी सैनिक स्कुलकी रमा फुँयाल र के.एम.सी. स्कुलकी आष्मा शर्माले सान्त्वना पुरस्कार पाएका थिए।

उत्कृष्ट विद्यार्थीहरूलाई सम्मानका साथै नगद पुरस्कार, मेडल र प्रमाणपत्रसहित पुरस्कृत गरिएको थियो। सो कार्यक्रममा विभिन्न विद्यालयका शिक्षकशिक्षिका, अभिभावकहरूको समेत उल्लेख्य सहभागिता रहेको थियो। कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक भरतकुमार भट्टराई, साहित्यकार एवम् समालोचक जीवनाथ धमला, सिस्नुपानी नेपालका लक्ष्मण गाम्नागे, छन्द कवि सुदेश सत्याल, कल्याण शर्मा र रोटरी क्लब डिल्लीबजारका सदस्यहरूको उपस्थिति थियो। उक्त अवसरमा स्वागत मन्तव्य दिँदै विद्यालयका संस्थापक अध्यक्ष साथै प्रिन्सिपल लक्ष्यबहादुर के.सी.ले नेपाली भाषा र साहित्यको विकास र विस्तार कार्यमा विद्यालय निरन्तर रूपमा अघि बढ्ने कुरा बताए।

साहित्यकार गीता केशरीलाई सूर्योदय स्रष्टा सम्मान २०७४ बाट सम्मानित गरिएको उनले बताए। कार्यक्रममा उपस्थित अतिथिहरूले निजी क्षेत्रबाट सञ्चालित रहे पनि एसएबी पब्लिक स्कुलले साहित्यिक तथा सांस्कृतिक जगेर्नासम्बन्धी सुरु गरेको यस अभियानको सराहना गरे। कार्यक्रममा प्रथम, द्वितीय, तृतीय हुने तथा सहभागी विद्यार्थीलाई बधाई तथा शुभकामना दिँदै विद्यालयका निर्देशक भोजबहादुर शाहले स्थापना कालदेखि नै आदिकविको जन्मजयन्ती भव्यताका साथ मनाउँदै आएकोमा भोलिका दिनमा नेपाली भाषा र संस्कृतिको जगेर्नामा अझै जोड दिँदै जाने कुरा बताए। प्राज्ञ गिरीले साहित्यको विकास र स्रष्टाको सम्मानमा विद्यालय लागेकोमा आफू खुसी रहेको र अहिलेको परिप्रेक्ष्यमा शैक्षिक पाठ्यक्रम परिमार्जन गर्दै समयसान्दर्भिक बनाउँदै लग्नुपर्ने कुरा बताए। अतिथिहरूले आ-आफ्ना कविता वाचन गरे भने छन्द कवि सुरेश सत्यालले आकर्षक कविता वाचन गरेर वातावरणलाई अझै रोमाञ्चक बनाएका थिए।

# मैले देखेको चौथो विश्व सम्पदा :
# नेपालको स्वयम्भूनाथ

सुरेन्द्र ढकाल


स्वयम्भू परिसर



२०७२ को भूकम्पले स्वयम्भू परिसरमा पुऱ्याएको क्षति



स्वयम्भू तलबाट हेर्दा


काठमाडौंको घनाबस्तीबाट देखिने स्वयम्भू



बच्चामा मैले पहिलोपटक देखेको स्वयम्भू


छोरी सुमनाका साथ सुरेन्द्र ढकाल


स्वयम्भूको सिंढी चढ्दै मोनिका ढकाल

२०२५ सालतिरको कुरा हो । त्यतिखेर म ११ वर्षको थिएँ । हरेक साल आउने सरस्वती पूजा हामी विद्यार्थीका लागि विशेष चाड हुने गर्दथ्यो । बानेश्वर घर भएको कारण र आफू बच्चा नै भएको हुँदा नजिकै रहेका सरस्वतीको मन्दिर जाने गर्दथ्यौं हामी । टाढा जान न त त्यतिखेर बस सुविधा थियो, न टेक्सी नै, भए पनि कसले तिर्ने टेक्सीको पैसा । हामी जहाँ जान पनि हिँडैर जानु पर्दथ्यो । यसपालिको सरस्वती पूजामा स्वयम्भू स्तुपा पछाडि रहेको सरस्वतीस्थान जाने हामी बालबालिका तथा हाम्रा साथीभाइहरुले निधो गऱ्यौं । पुरानो बानेश्वरबाट बस चढी रत्नपार्क र त्यहाँबाट हिँडेर स्वयम्भू हुँदै सरस्वतीस्थान पुग्ने हाम्रो योजना बन्यो ।

बानेश्वरबाट स्वयम्भू धेरै टाढा, अनि त्यहाँका वानरहरु पशुपतिको भन्दा बढी खतरा आदि जस्ता कुरा सुनाएर हामीलाई तर्साउन पनि खोजिएको थियो जेठाबाठा भनाउँदाहरुले तर हामी हाम्रो योजनामा अडिग रह्यौं र सरस्वती पूजाको दिन लाग्यौं बिहानै स्वयम्भूतिर । रत्नपार्कमा बसबाट ओर्लेर भोटाहिटी, किलागल अनि शोभाभगवतीको मन्दिर हुँदै स्वयम्भूको सिँढीसम्म पैदलै पुग्न हामीलाई एक घण्टा जति लागेको हुनुपर्दछ । पहिलो पटक त्यस्तो भिरालो ढुंगाको सिढी चढ्न पाएको हामीलाई बाँदरदेखि डर नलागेको भने होइन तर हामीले बाँदरको मुखमा हेर्दै हेरेनौं र १५ मिनेट जति लगाएर सिढीँ उक्ली म साथीभाइहरुसँग पहिलो पटक स्वयम्भू पुगे । स्वयम्भू हेरेर मात्र सरस्वतिथान जाने हामीले निर्णय गऱ्यौं । सबैभन्दा पहिले त्यहाँबाट हामीले उपत्यकाका तिनै सहरहरु हेऱ्यौं जुन अहिले जस्तो घना थिएन । आधा घण्टासम्म हामीले स्वयम्भूको विहार र त्यहाँ भएका मन्दिरहरु हेर्ने र दर्शन गर्ने काम गऱ्यौं र त्यहाँबाट हामी सरस्वतीस्थान पुग्यौं । ठूलो घुँइचो थियो त्यहाँ । सरस्वतीको दर्शन गरी छाउनीमा रहेको म्युजियम हेर्दै हामी घर फर्कंदा झण्डै बेलुकी भइसकेको थियो । हामी भने हिँडेर लखतरान भएका थियौं । जे भए पनि त्यो बालापनमा त्यति टाढा पुगेर घर फर्कन सक्नुलाई हामीले हाम्रो पुरुसार्थ ठानेका थियौं । त्यसपछि पनि हरेक एक दुई वर्षमा स्वयम्भू जाने अवसर परिराख्दथ्यो । झन् २०४६ मा युरोपको लामो अध्ययन बसाइ सकेर आएपछि जर्मन र इटालियन मित्रहरु अनि नातेदारहरु नेपाल आउने लर्को नै लाग्यो । त्यस अवसरमा उनीहरुलाई पशुपतिनाथ र बौद्धनाथ देखाएपछि पालो स्वयम्भूनाथ देखाउने पर्दथ्यो । त्यही कारण पनि त्यस स्तुपासँगको मेरो भेटघाट झन्डै नियमित जस्तै रहेको छ ।

**स्वयम्भू स्तुपा**

काठमाडौं उपत्यकाको पशिचमतर्फ रहेको सानो पहाडको टुप्पामा यस प्राचीन धार्मिक स्वयम्भू स्तुपा अवस्थित रहेको छ । स्वयम्भूको अर्थ आफैं उत्पन्न भएको भन्ने बुझिन्छ र तिब्बती भाषामा विभिन्न किसिमका रुखहरु भएको पहाड फाग्स पा सिङ कुनको नामले चिनिन्छ । अंग्रेजीमा यसलाई मन्की टेम्पल भनिन्छ । बौद्धनाथपछिको अति नै पवित्र स्तुपाको रुपमा बौद्धमार्गीहरुले यसलाई मान्छन् । यस स्वयम्भू परिसरमा एउटा स्तुपा र केही ठूला साना मन्दिरहरु छन् जस्को निर्माण लिच्छवीकाल इस्वीको चारौं शताब्दीतिर भएको मानिन्छ । स्तुपासम्म आइपुग्न पूर्वतर्फबाट ३६५ खुड्किला भएको ढुंगाको सिढी उक्लनुपर्दछ । मोटरबाट भने दक्षिण पशिचमको सडकबाट स्तुपाको नजिकै पुगिन्छ । पूर्वबाट चढ्दा झ्वास्सै सुनको लेप लगाएको ठूलो वज्रसँग मुठभेड हुन्छ ।

यसै वज्रको पछाडि स्वयम्भूको गजुरसहितको सेतो गोलाकार स्तुपा रहेको छ । गजुरको मुनि ठूला ठूला बुद्धका दुई आँखाहरुले चारैतिर हेरिराखेको देखिन्छ । यस स्तुपा क्षेत्रमा जति मठमन्दिर छन् ती सबै नेवार बौद्धमार्ग वज्रयानबाट प्रभावित छन् । यहाँ एक तिब्बती गुम्बा, म्युजियम र पुस्तकालय पछि गएर थपियो । गुम्बालाई भने २०७२ को भूकम्पले जगैदेखि भत्काएको छ । यस स्तुपा क्षेत्र सबै बौद्ध सम्प्रदायको दर्शनीय स्थल भए तापनि यहाँ उत्तिकै मात्रामा हिन्दु धर्मावलम्बीहरु पनि दर्शन गर्न जाने गर्दछन् ।

पुराणमा लेखिएअनुसार प्राचीनकालमा काठमाडौं उपत्यका एक ठूलो पोखरी थियो र त्यही पोखरीको पशिचमी छेउमा एउटा कमल फुल्यो र त्यही कमल फुलेको ठाउँमा पछि गएर स्तुपा बन्यो । यसै क्षेत्रमा मञ्जुश्री र वोधिसत्व प्राप्त गरेको बताइन्छ । बौद्धमार्गी भएको कारण मञ्जुश्रीले छोटा कपाल राख्नुपर्नेमा कपाल पालेको र त्यसमा जुम्राहरु पर्न गएको र त्यही जुम्राहरु बाँदरमा परिवर्तन भएको किंवदन्ती पनि रहेको छ । मञ्जुश्रीले कमल फुलेको स्थलमा आई पूजा गरेको र उपत्यका मानिसहरुको लागि बस्न योग्य देखी यिनले आफ्नो दैविक शक्ति लगाई चोभारको डाँडो काटेर पानी काठमाडौं बाहिर पठाएपछि कमलले आफ्नो रुप परिवर्तन गरी डाँडा बनाएको र त्यही डाँडामा स्तुपा बन्न गएको मानिन्छ ।

ऐतिहासिक प्रमाणको आधारलाई मान्ने हो भने गोपाल वंशावलीमा नै यस स्तुपाबारे वर्णन गरिएको छ । राजा मानदेवले इस्वी सन् ६४० तिर स्तुपा बनाउन निर्देशन दिएको भन्ने कुरा त्यहाँ रहेको शिलालेखले जनाउँछ । तर त्यसको ठीक विपरीत मौर्य वंशका राजा अशोकले इशापूर्व ३ मा नै यस क्षेत्रमा आई पूजाआजा गरी मन्दिर बनाएको कुरा उल्लेख छ । पछिपछिका काठमाडौंका मल्ल राजाहरुले यस क्षेत्रको विकासमा योगदान गरेको र सत्रौं शताब्दीमा आएर राजा प्रताप मल्लले पूर्वतिरको ढुंगाको सिढी बनाउन लगाएका थिए । सन् १९२१ देखि यस स्तुपाको मर्मत सम्भार नभएकोमा १५०० वर्षपछि गएर सन् २०१० मा यस स्तुपाको पूर्ण जिर्णोद्धार गरिएको थियो र गजुरमा २० किलो सुनको जलप लगाइएको थियो ।

विश्व सम्पदा सूचीमा परेको यस स्तुपाको प्रतापपुर क्षेत्र २०११ को चट्याङले भत्कन गएको थियो भने सन् २०१५ अप्रिलको भूकम्पले यस परिसरमा ठूलै क्षति पुऱ्याएको थियो । स्तुपाको जग रहेको गोलाकार संरचनाले पूर्ण विश्वको प्रतिनिधित्व गर्दछ भने दुई आँखाले विश्वलाई हेर्ने ज्ञान र मोहको प्रतिनिधित्व गर्दछ जसको माध्यमबाट हरेक व्यक्तिले निर्वाण प्राप्त गर्दछ । गजुरमुनिको १३ तहले बुद्धत्व प्राप्त गर्न आवश्यक १३ आध्यात्मिक यथार्थहरुको प्रतिनिधित्व गर्दछ । चारैतिर रहेको दुई आँखाको बीचमा भएको तेस्रो आँखाले स्वर्गीय वस्तुहरुलाई पृथ्वीतलमा झरी बुद्धको उपदेश सुन्ने किरणको मार्गरुपी तरङ पैदा गर्दछ । एक अंकको रुपमा प्रश्नवाचक चिन्ह जस्तो देखिने नाकले यस चराचर जगतको स्थायित्वका लागि आवश्यक एकताको र बुद्धमार्ग निर्वाणको लागि एक मात्र पथ हो भन्ने कुराको प्रतिनिधित्व गर्दछ । स्तुपाको चारैतिर पंचबुद्ध (वैरोच्य, अक्ष्योब्य, रत्नसंभव, अमिताभ र अमोघसिद्धि) को मूर्ति कोरिएका छन् जसलाई तन्त्रयानको परिवर्तित भाव मानिन्छ जसले ब्रह्माण्डीय चेतना, उन्माद, संज्ञा र वोधलाई तत्वको रुपमा रुपान्तरण गरेको हुन्छ ।

**Remember us for the Construction of Private and Public Works**

EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners

GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www.ewesnepal.com ä®:
E-mail: info@ewesnepal.com , hbgewe@gmail.com

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
**Upto 15KVA**
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

**दाँते सोसाइटी नेपाल**
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

स्वस्थ पत्रकारिताको विकास स्वतन्त्र र हक अधिकारको जगेर्ना, राष्ट्रिय सर्वमान्य प्रचलन र मान्यतालाई समायोजन गर्दै अगाडि बढ्नु आजको अपरिहार्य आवश्यकता हो ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
**सूचना विभाग**

# ग्रेटर नेपाल साप्ताहिकको पाँचौं वार्षिकोत्सवको एक झलक
















# हङकङ : वान कन्ट्री टु सिस्टम



**विष्णु भट्टराई**

हङकङ चीनमा फिर्ता भएपछि धेरैको बुझाइ थियो- चिनियाँ कम्युनिस्ट सत्तालाई हङकङबासीले मन पराउने छैनन् र त्यहाँ विद्रोह हुनेछ । तर त्यस्तो भएन । हङकङबासी स्वतन्त्र रुपले समृद्धितर्फ अघि बढ्दै गए । चिनियाँ सरकारले हङकङलाई विशेष प्राथमिकतामा राख्यो । त्यहाँ राजनीतिक स्वतन्त्रताको प्रत्याभूति गरियो । चिनियाँ कम्युनिस्ट सत्ता वास्तवमा पुँजीवादी सत्ताभन्दा कुनै पनि अर्थमा फरक देखिएन । भन्न त चिनियाँहरु विकास र समृद्धिबाटै साम्यवादमा पुग्ने लक्ष्य बताइरहेका छन् । तर चीनभित्रै बढ्दो धनी र गरिबबीचको खाडलले चिनियाँ समाजवादलाई क्षतविक्षत बनाउँदै लगेको छ । चिनियाँ कम्युनिस्ट पार्टीमा लाखौंलाख सदस्यहरु हुनु र कम्युनिस्ट पार्टी विघटन गर्दा तिनको व्यवस्थापनमा समस्या आउने भएकैले चीनले कम्युनिस्ट पार्टीलाई जीवित राखेको विश्लेषण पनि गरिन्छ ।

सन् १९९८ मा ९९ वर्षका लागि बेलायतले हङकङलाई लिजमा दिएको थियो । सन् १९८० दशकमा आइपुग्दा यसको भविष्यबार चीन र बेलायतबीच वार्ता सुरु भयो । सन् १९८४ मा चीन र बेलायतले संयुक्त घोषणापत्रमा हस्ताक्षर गरे । जुन घोषणापत्रमा हङकङ सन् १९९७ देखि चीनको शासनमा रहने उल्लेख थियो । घोषणापत्रको अर्को बुँदामा 'एक देश दुई प्रणाली (वान कन्ट्री टु सिस्टम' उल्लेख गरिएको थियो । यस अवधारणाअनुसार हङकङ चीनको अधीनमा रहने भन्ने रहेको छ । यहाँ राजनीतिक रूपमा कम्युनिस्ट शासन रहने र साथसाथै पुँजीवादी आर्थिक प्रणाली अर्धप्रजातान्त्रिक राजनीतिक प्रणालीसमेत कायम रहने भयो । सोही अवधारणाअनुसार अहिले पनि हङकङ चीनको शासनअन्तर्गत रहेको छ । सोही घोषणाअनुरूप १९९२ अप्रिलमा क्रिस पाटेन हङकङका अन्तिम बेलायती गभर्नर बने । उनलाई हङकङ चीनलाई हस्तान्तरण गर्ने अन्तिम जिम्मेवारी दिएको थियो । अक्टोबरमा उनले हङकङको प्रजातान्त्रिक सुधारका लागि प्रस्ताव घोषणा गरे । जसले निर्वाचित प्रतिनिधिमार्फत प्रजातान्त्रिक अभ्यासलाई थप सुधार गर्ने घोषणा गर्‍यो । सन् १९९४ जुनमा हङकङको प्रतिनिधि सभाले प्रजातान्त्रिक अभ्यास सुधारका लागि प्याकेजको घोषणा गर्‍यो । सन् १९९५ मा प्रतिनिधि परिषद्को निर्वाचन सम्पन्न भयो ।

एक देश दुई शासन प्रणाली १ जुलाई १९९७ मा १ सय ४० वर्ष लामो शासन गरेको बेलायतले हङकङलाई चीनको जिम्मा लगायो । बेइजिङले सांघाईमा जन्मिएका राजनीतिक अनुभव नभएका तुङ ची हलाई नेतृत्वका रूपमा चयन गरी पठायो । त्यसपछि उनको नेतृत्वमा पहिलोपटक सन् १९९८ मेमा हङकङमा निर्वाचन भयो । यससँगै चीनको नियन्त्रणमा हङकङको शासन सत्ता प्रजातान्त्रिक अभ्यासका रूपमा सुरु भयो ।

हङकङमा प्रजातान्त्रिक सुधारको माग राख्दै पटकपटक आन्दोलन हुँदै आएका छन् । सन् २००३ मा चनियाँ प्रधानमन्त्री वेन जियावाओको हङकङ भ्रमण गर्ने अघिल्लो दिन करिब ५ लाख मानिस सडकमा उत्रिए । सन् २००४ मा चीनलाई हङकङको निर्वाचनमा भिटो प्रयोग गर्न सक्नेसम्मको अधिकारसहित कानुन पारित भयो । त्यसयता हङकङमा पटकपटक प्रजातान्त्रिक अभ्यासको माग गर्दै प्रदर्शन हुँदै आएको छ ।

सन् २००४ को डिसेम्बरमा चिनियाँ राष्ट्रपति हुजिन्ताओले सार्वजनिक निर्देशनसहित तुङ ची हलाई हङकङको प्रशासनिक सुधारका लागि निर्देशन दिए । त्यसयता सन् २००७ मा बेइजिङले हङकङका जनतालाई सन् २०१७ मा आफ्ना नेतालाई प्रत्यक्ष निर्वाचन गर्न दिने र सन् २०२० मा प्रतिनिधि सभा निर्वाचन गर्न दिने घोषणा गर्‍यो । सन् २०१४ मा बेइजिङले २०१७ मा पूर्ण निर्वाचनको अभ्यास गर्ने तर उम्मेदवारहरू बेइजिङले नै तोकेका व्यक्ति हुनुपर्ने गरी निर्देशन जारी गर्‍यो । यसको विरोधमा फेरि प्रदर्शन भए । हङकङमा प्रत्यक्ष रूपमा चिनियाँ कम्युनिस्ट प्रणाली लागू छ । साथसाथै प्रजातान्त्रिक अभ्यास पनि हुँदै आएका छन् । यहाँ प्रत्येक वर्ष प्रजातान्त्रिक सुधारका लागि प्रदर्शन हुँदै आएका छन् ।

चीनको सत्तामा आएपछि पहिलोपटक राष्ट्रपति सी जिनपिङ चीनको विशेष प्रशासित क्षेत्र हङकङ पुगेका छन् । हङकङको २० औं वार्षिकोत्सवमा आयोजना हुने विशेष कार्यक्रममा बिहीबार राष्ट्रपति सी हङकङ पुगे । हङकङ पुगेसँगै उनले



विशेष प्रशासित क्षेत्र हङकङलाई चीन सरकारले सधैं सहयोग गर्ने बताएका छन् ।

'केन्द्र सरकारका हैसियतबाट चीनले आफ्नो विशेष प्रशासित क्षेत्र हङकङको विकास र यहाँका नागरिकको उन्नतिका लागि चीनले सधैं सहयोग गर्नेछ,' उनले भने ।

बेलायतले हङकङ सहर चीनलाई हस्तान्तरण गरेको २०औं वार्षिकोत्सव तथा यहाँको सरकारको पाँचौं वार्षिकोत्सवका अवसरमा हङकङमा आयोजना हुने विशेष कार्यक्रमलाई सम्बोधनका उनी पहिलोपटक यहाँ पुगेका हुन् । विमानस्थलमा अन्तर्राष्ट्रिय सञ्चार माध्यमका प्रतिनिधिसँगको संक्षित भेटघाटका क्रममा उनले चीन सधैं हङकङको विकासका लागि तत्पर रहेको बताएको सिन्ह्वाले जनाएको छ । तीन दिनसम्म हङकङमा आयोजना हुने विशेष कार्यक्रममा उनी सहभागी हुनेछन् । तीन दिनको बसाइका क्रममा उनले हङकङ हस्तान्तरणको २० वर्षको अवसरमा आयोजित विशेष समारोहलाई पनि सम्बोधन गर्ने कार्यक्रम रहेको छ ।

हङकङ ओर्लिनासथ विमानस्थलमा रहेका हङकङी पत्रकारले उनलाई हङकङको विकासबारे प्रश्न सोधेका थिए । जवाफमा राष्ट्रपति सीले हङकङको सम्पन्नता र समृद्धिका लागि केन्द्र सरकार (बेइजिङ) सधैं साथमा रहेको बताए । सन् १९९७ मा बेलायतले आफ्नो अधीनमा रहेको हङकङ चीनलाई हस्तान्तरण गरेको थियो । त्यसयता बेइजिङले यसमा नियन्त्रण लिएको थियो । त्यसयता केन्द्रीय सरकारका रूपमा चीनले सबै सहयोग गर्दै आएको छ ।

सन् २०१२ मा चिनियाँ कम्युनिस्ट पार्टीको महासचिव र सन् २०१३ मा चीनको राष्ट्रपति भएपछि उनी अहिलेसम्म हङकङ गएका थिएनन् । हङकङमा केही समययता स्वतन्त्रताको आन्दोलन सुरु भएको छ । सो आन्दोलनमा चीनले अंकुश लगाएको भनी व्यापक आलोचना हुँदै आएको छ । अन्तिमसम्म राष्ट्रपति सीको हङकङ भ्रमण अनिश्चित जस्तै थियो ।

राष्ट्रपति सीको भ्रमणका समयमा हङकङमा स्वतन्त्रता आन्दोलन चर्किने र राष्ट्रपतिविरुद्ध समेत प्रदर्शन हुने चिन्ताले अन्तिमसम्म सीको भ्रमणको विषयमा बेइजिङले खुलाएको थिएन् । गत हप्ता मात्र उनले हङकङ भ्रमण गर्ने चिनियाँ विदेश मन्त्रालयले सार्वजनिक गरेको थियो ।

हङकङ ओर्लिनासाथ राष्ट्रपति सीले हङकङको विकासका लागि केन्द्र सरकार तयार रहेको बताइरहँदा यहाँको सेन्टिमेन्ट भने विभाजित देखिन्छ । २० वर्षदेखि प्रजातान्त्रिक अभ्यासमा चिनियाँ हस्तक्षपको विरोधमा एकातिर प्रदर्शनको तयारी हुँदै गएको छ । यही प्रदर्शनलाई हेरेर चिनियाँ राष्ट्रपतिको हङकङ भ्रमण अन्तिमसम्म अनिश्चित जस्तै थियो । बेलायतले हस्तान्तरण गर्दा बेइजिङले पुँजीवादी व्यवस्थालाई केही कम्तीमा पचास यथावत् राख्ने वाचा गरेको थियो । तर, त्यस्तो नभएको भन्दै पटकपटक प्रदर्शन हुँदै आएका छन् ।

चीनको प्रमुख चुनौती भनेको यहाँको प्रदर्शन आफ्नो मुख्य भूमिसम्म नफैलियोस् भन्ने नै हो । हङकङलाई केन्द्रमा पारेर चीनविरोधी गतिविधि नहोस् भन्ने यसको स्वार्थ हो । वार्षिकोत्सवको अवसर पारेर एकातिर उत्सवको तयारी हुँदै गर्दा अर्कातिर विरोधको तयारी पनि उत्तिकै छ । चिनियाँ मुख्य भूमिबाट आएकाहरू उत्सवको तयारीमा देखिन्छन् भने बेलायती पुँजीवादी व्यवस्थाका अनुयायी प्रजातान्त्रिक सुधारका लागि सीको भ्रमणलाई लक्षित गरी प्रदर्शनको तयारी गरेका छन् । सीको भ्रमणको एक हप्ताअगाडि मात्र प्रहरीले यहाँका प्रजातन्त्रवादी नेताहरूलाई नियन्त्रणमा लिएको छ । हङकङमा नियमित रूपमा २०१४ देखि चीनका संवैधानिक वाचा पूरा गर्न माग गर्दै प्रदर्शन हुँदै आएका छन् । हङकङका २३ वर्षीय प्रतिनिधि सभा सदस्य नाथानले मानिसहरू उत्सवमा भन्दा पनि हङकङको भविष्यबारे चिन्तित रहेको भन्दै एपीले समाचार प्रकाशित गरेको छ । उनी सन् २०१४ को अम्रेला मुभमेन्टका विद्यार्थी नेता हुन् । सी हङकङ आउनु एक दिनअगाडि मात्र सीविरुद्ध सहरको बीच भागमा प्रदर्शन भएको अन्तर्राष्ट्रिय समाचार संस्थाहरूले जनाएका छन् ।

हङकङ दुई खेमामा विभक्त भएको अवस्था छ । विरोध हुँदै गर्दा पनि हङकङमा २० औं वार्षिकोत्सव उत्साहसाथ मनाइँदै छ । राष्ट्रपति सीले उद्घोष गरेअनुरूप चीन आर्थिक अवधारणाका आधारमा विकासतर्फ थप अगाडि बढ्नेछ ।

आजको हङकङ समृद्ध हङकङ इतिहासमा कहिले जापान, कहिले बेलायत त कहिले चीनको अधीनमा रहेर अगाडि बढेको हो । सन् १८४२ मा बेलायतसँग 'फस्ट अप्टिमम वार' (बेलायत-चीन युद्ध) मा पराजय भोगेपछि चीनले हङकङको टापु गुमायो । यहाँ लामो समयसम्म बेलायतले शासन गर्‍यो । यहाँका चिनियाँ नागरिकको जनजीवन उथलपुथल भयो । १ जुलाई १८९८ मा चीनले बेलायतलाई थप २ सय ३५ टापु ९९ वर्षका लागि लिजमा दियो । सन् १९३७ मा भएको सिनो जापान युद्धमा अधिकांश चिनियाँ हङकङमा शरणार्थीका रूपमा प्रवेश गरे । दोस्रो विश्वयुद्धको सुरुवाती वर्षहरूमा जापानले आफ्नो साम्राज्य फैलाउँदै जाँदा सन् १९४१ हङकङमाथि कब्जा जमायो । त्यसपछि जापानले दमन सुरु गर्‍यो । खाद्यान्नको अभाव सुरु भयो । १६ लाख जनसंख्या भएको हङकङको जनसंख्या दोस्रो विश्वयुद्धको अन्त्यसम्ममा ६ लाख ५० हजारमा झर्‍यो । हङकङबाट चिनियाँहरू मुख्यभूमि चीन फर्किन थाले ।

दोस्रो विश्वयुद्धपछि हङकङमा फेरि बेलायतले शासन सञ्चालन गर्न थाल्यो । चीनमा चिनियाँ कम्युनिस्ट पार्टीले जनयुद्ध सञ्चालन गर्‍यो । चीनमा भएको जनयुद्धका कारण चीनबाट हङकङ मूल थलो भएकाहरू फेरि हङकङ प्रवेश गरे । सन् १९५० को दशकमा बेलायतको शासनमा रहेका बेला हङकङ आर्थिक विकासको गतिमा अगाडि बढ्यो । साना उद्योग सञ्चालनले हङकङलाई समृद्ध बनाउँदै लग्यो । सन् १९७० को दशकमा आइपुग्दा हङकङ एसियाको आर्थिक पावर हाउसका रूपमा 'एसियन टाइगर' उदाउँदै गयो । हङकङमा प्रविधिजन्य उद्योग स्थापनाले यसलाई आर्थिक समृद्धितर्फ तीव्र गतिमा अगाडि बढ्न सहयोग गर्‍यो ।

आर्थिक समृद्धितर्फ लम्किरहेको हङकङ विश्व बजारमा पनि त्यत्तिकै परिचित छ । हङकङबासीहरुको लोकतन्त्रप्रतिको चाहनालाई चीनले सदैव कदर गर्दै आएको छ । पश्चिमा पुँजीवादी मुलुकहरु अझै हङकङलाई उचालेर चीनविरुद्ध भड्काउन उद्यत छन् । तर चिनियाँ राष्ट्रपति सिजिन पिङको हङकङ भ्रमणले चीनले हङकङलाई दिएको महत्व त प्रस्ट भएको छ नै हङकङविरुद्धका अन्तर्राष्ट्रिय षड्यन्त्रहरु पनि असफल भएका छन् ।

*एजेन्सीहरुबाट*

## रोचक संसार

### एकान्तबासी परिवार

यो भागदौडपूर्ण जिन्दगीमा हरेक मानिस कुनै न कुनै समस्यालाई लिएर चिन्तित हुन्छ । यस्तैमा एक परिवार चाहिँ दैनिक सांसारिक जीवनलाई किनारा लगाउँदै अमेरिकी महाद्वीपको अलास्कास्थित नभिटना नदीभन्दा झण्डै ४ सय किलोमिटर टाढाको क्षेत्रमा एकान्तवासमा जाने गर्दछ । टाढा एकान्तमा बस्न पाएपछि मनमा शान्ति प्राप्त हुने विश्वासमा उक्त परिवार बिरानो ठाउँमा धाउने गरेको हो । उक्त परिवारमा ३ सदस्य छन् - बाबु, आमा र छोरा । बुवा नाम डेभिड एस्ले हो । आमा रोमी तथा छोरा स्काई एस्ले । यो दुनियाको सबैभन्दा एकान्तप्रेमी परिवार हो भन्दा फरक नपर्ला ।

बिदाको समयमा त छँदैछ, बिदाबाहेकमा पनि वर्षको एक-दुईपटक यो परिवार एकान्तवासमा जाने गर्दछ । उक्त ठाउँमा एश्ले परिवारका छिमेकीको रुपमा मानिस छैनन्, जंगली भालु तथा जंगली भेडा मात्र छन् । गर्मीयाममा लामखुट्टेको साम्राज्य चल्छ । त्यो परिवार सबैभन्दा पहिले सन् १९९९ मा उक्त क्षेत्रमा एकान्तवासमा गएको थियो । स्मरण रहोस्, ठण्डी मौसममा अलास्काको तापक्रम माइनस ६५ डिग्रीसम्म झर्दछ । एकान्तबासका लागि एस्ले परिवारले उक्त घनघोर एकान्त क्षेत्रमा बस्नका लागि एक घर पनि बनाएको छ ।

### मान्छे खाने पहाडे

बोलिभियाको दक्षिण पश्चिमी भागमा छ केरो रिको पहाड । बोलिभियामा लामो समयसम्म स्पेनी साम्राज्य रह्यो । स्पेनीहरु यस पहाडलाई धनी पहाड भन्थे । किनकी त्यहाँ प्रसस्तै चाँदी पाइन्थ्यो । पूरै पहाड नै चाँदीले बनेको लाग्थ्यो स्पेनीसलाई । तर स्थानीय मानिसहरु भने यो पहाडलाई मान्छे खाने पहाडको रुपमा चिन्दछन् । १६ औं सताब्दी देखि अहिलेसम्म यो सहरले ८० लाख जना मानिसलाई खाइसकेको बताउँछन् स्थानीयहरु । सन् १५४५ मा स्पेनले उक्त पहाडको काखमा एक सानो सहर स्थापित गरी झण्डै ३० लाख लाख स्थानीय मानिसहरुलाई जबरजस्ती चाँदी खानीको काममा लगायो । उक्त पहाडबाट सदियौं देखि चाँदी उत्खनन गरिँदै आएको छ । अनुमान अनुसार स्पेनीहरुले त्यहाँबाट २ अर्ब औंस चाँदी निकाले । उक्त चाँदीले नै स्पेनलाई धनी बनायो । लगातारको उत्खननले पहाडको उचाई भने घट्दै गयो । ठाउँ ठाउँमा सुरुंग तथा भ्वाङ परे । जसका कारण उत्खनन कठीन बन्यो र दुर्घटना बढ्दै गयो । अहिलेपनि उक्त ठाउँमा झण्डै १५ हजार खानी मजदुरले काम गर्दछन् । उक्त पहाडको आसपासमा धेरै विधवा महिलाहरु छन् । विधवाहरुले एक संगठन नै खोलेका छन् । उनीहरुका अनुसार हरेक महिना उक्त पहाडका कारण १४।१५ जना महिला विधवा हुन्छन् । किनकी उक्त पहाडको चाँदी खानीमा काम गर्ने १४।१५ जना पुरुषको खानी दुर्घटनामा मृत्यु हुन्छ । चारै तर्फ धुलो तथा चट्टानबाट निस्कने विषाक्त ग्यासको बिगबिगी छ । सोही कारणले गर्दा खानी मजदुर तथा स्थानीय बासिन्दाहरु रोगका सिकार हुने गरेका छन् । त्यहाँ काम गर्ने वा बसोबास गर्ने मानिसहरुको औषत आयु ४० वर्षमात्र हुने गरेको छ । खानीमा दुर्घटना नहोस् भन्नका लागि त्यहाँ गहिराइका राक्षस मानिने एल टियोको मुर्ति राखेर पुजा समेत गरिन्छ । इतिहासकार एडुआर्डो गेलिनोका अनुसार १६ औं सताब्दी देखि हालसम्म यस पहाडमा ८० लाख मानिस मरिसकेका छन् ।

### एकजना मान्छे बस्ने सहर

के तपाइँ कुनै सहरमा एक्लै बस्ने कल्पना गर्न सक्नुहुन्छ ? सायद यसबारेमा सौँच्न पनि सकिन्न । कोहीपनि मान्छे नबस्ने भुतबंगला सहरमा एक्लै कुनै व्यक्ति कसरी बस्न सक्छ र ? तर यो दुनियामा यस्ता सहर पनि छन् जहाँ केबल एकजना मात्र मान्छे बस्छन् । जापानको तोमिओका सहरमा पनि केवल एक जना मात्र मान्छे बस्दछन् । सन् २०११ को सुनामी र आणविक विस्फोट पछि उक्त सहरमा बसिरहेका सबैजसो मानिस अन्यत्रै भागेपछि ५८ वर्षका नाओतो मत्सुमुरा मात्र त्यहाँ बसिरहेका छन् । उनी सहरमा छुटेका जनावरका लागि खानेकुराको व्यवस्था गर्न भन्दै त्यहाँ बसेका थिए । अमेरिकाको नेब्रास्कास्थित मोनावीमा जम्मा एकजना महिला मात्र बस्छिन् । जागिर तथा राम्रो ठाउँको खोजीमा मानिसहरु उक्त सहरबाट पलायन हुँदै गएपछि त्यहाँ जम्मा एक दम्पत्ति मात्र बाँकी रहे । सन् २००४ मा पतिको मृत्यु भएपछि ती विधवा महिला मात्र उक्त सहरमा बस्छिन् अहिले । उनी नै उक्त सहरकी मेयर पनि हुन् । अर्जेन्टिनाको विला इपेक्युएन सहर सन् १९२० मा स्थापना भएको थियो । त्यो कुनै समय पर्यटकको आकर्षणको केन्द्र थियो । सन् १९८५ मा आएको बाढीले सहर ध्वस्त भयो । बँचेका सबै मानिसले सहर छाडे । सन् २००९ मा उक्त सहरका पूर्व बासिन्दा पाब्लो नोभाक पुनः विला इपेक्युएन फर्के । उनको जन्म सोही सहरमा सन् १९३० मा भएको थियो । अमेरिकाको कोलोराडोस्थित बोनान्जा सहरमा चाँदीको खानी पाइएको थियो । सन् १८८० मा त्यहाँ बस्ती बसेको थियो । एक समय त्यहाँ १६ सय मानिस बस्दथे । तर चाँदी रित्तिएसँगै मानिसहरु सहर छाडेर जान थाले । सन् २०१० मा त्यहाँ जम्मा १६ जनामात्र मान्छे थिए । युवाहरुको पलायन तथा बुढाबुढीको मृत्यु सँगै उक्त सहरका जनसंख्या धेरैपटक एकजनामा झर्दै आएको छ । कहिलेकाहीं बाहिर गएका युवायुवतीहरु फर्किंदा सहरको जनसंख्या केही बढि हुन्छ । अमेरिकाको ब्योमिंगस्थित ब्युफोर्ड सहर सन् २०१३ मा एक भियतनामीले खरीद गरेका थिए । तत् पश्चात यसको नाम फिलडेली टाउन राखियो । सन् १८८६ मा उक्त सहर रेलवे मजदुरहरुको आरामस्थलको रुपमा स्थापना भएको थियो । उक्त समय त्यहाँ २ हजार मानिस बस्दथे । विस्तारै मानिसहरु सहर छाड्न थाले । अहिले त उक्त सहर खरीद गर्ने मानिस पनि त्यहाँ बस्दैनन् । सो सहरमा हाल एकजना मात्र मानिस बस्दछन्, ती हुन् डन सेमन्स । उनी सन् १९८० देखि त्यहाँ बस्दै आएका छन् । सन् १९९५ मा उनकी पत्नीको मृत्यु भयो । सन् २००७ मा छोराले समेत छाडेर अर्कै सहरमा पसेपछि डन एक्लै बस्दै आएका छन् सहरमा । न्युजिल्याण्डको कास सहरको स्थापना सन् १९१० मा हुँदा त्यहाँ ८ सय मानिस बस्दथे । अहिले भने जम्मा ५ घरमात्र बाँकी छन् र एकजना मात्र मान्छे बस्दछन् । कास सहरमा बस्ने एकमात्र बासिन्दा हुन् बेरी ड्रमान्ड । उनी न्युजिल्याण्डको रेलवे कर्मचारी हुन् ।

### गाईको खप्पर लगाएर आन्दोलन ?

महिलाहरु कोही सडकमा हिँडिरहेका छन् । कसैले अफिसमा काम गरिरहेका छन् भने कतिले घरमै पियानो बजाईरहेका छन् । कोही डुंगा सयर गरिरहेका छन् भने कोही रेष्टुरेन्टको टेबलमा छन् । तर यी सबैले एउटा अचम्म गरिरहेका छन् । त्यो के भने यिनीहरुले खप्पर लगाएका छन् । गाईको खप्पर लगाउने यी महिलाहरु भारतीय महिलाहरु हुन् । वास्तवमा यो उनीहरुको आन्दोलन हो । महिलाहरुमाथि हुने बढ्दो हिंसाका विरुद्धमा उनीहरुले गाईको खप्पर लगाएर आन्दोलन सुरु गरेका हुन् । भारतमा महिलाहरु गाई भन्दा पनि असुरक्षित रहेको तर्क उनीहरुको छ । त्यस्तै महिलाको खप्परे आन्दोलनको अर्को सन्देश पनि छ । उनीहरु गाईको मासु खाएकै आरोपमा धार्मिक अल्पसंख्यक माथि भईरहेको आक्रमणको पनि एकसाथ विरोध गरिरहेका छन् । गाईको खप्पर लगाएर विभिन्न अवस्थामा आफ्ना तस्वीरहरु खिचेर सोसल मिडियामा पोष्ट गर्ने ट्रेण्ड अहिले भारतमा खुबै बढेको छ ।

दुनियाको सबैभन्दा चौडा नदी, जसको बारेमा सायदै सुन्नुभएको होला

दक्षिण अमेरिकाको उरुग्वे र अर्जेन्टिनाको सीमा क्षेत्रमा एउटा यस्तो नदी छ, जुन दुनियाको सबैभन्दा चौडा नदी हो । यो नदीको नाम हो रियो डे ला प्लाटा । यो नदीको चौडाई २ सय किलोमिटर रहेको छ । यद्यपि, भुगोलशास्त्रीहरुले यसलाई नदी मान्न तयार छैनन् । उनीहरुका अनुसार रियो डेला प्लाटा यस्तो खाडी हो जहाँ उरुग्वे र पेराना नदीको दोभान छ । भुगोलविदहरुले यसलाई खाडी भने पनि उरुग्वे र अर्जेन्टिनाले भने यसलाई नदीकै दर्जा दिएका छन् । उरुग्वे नदी र पेराना नदी दुई साना नदी हुन् जसको मुख्य स्रोत आन्ध्र महासागर हो । यी नदीहरु अलग-अलग दिशाबाट बगेर आउँछन् र रिआ डे ला प्लाटामा आएर मिल्दछन् । सोही कारण यसलाई विश्वको सबैभन्दा चौडा नदीको रुपमा दर्जा दिइएको हो । सन् १५१६ मा एक स्पेनिस समुद्रयात्री जुआन दिज डे सोलिसले सबैभन्दा पहिले यो नदीको खोजी गरेका थिए । जब उनले आन्ध्र र प्रशान्त महासागरको बीचको बाटो खोजिरहेका थिए । त्यस समयमा उनले यसलाई मार ड्युलिक अर्थात् ताजा पानीको समुद्र नामाकरण गरे ।

*एजेन्सीहरुबाट*

प्रेरक

# ज्ञान सिकाउनेले सम्मान खोज्दैन

कौशल्याका राजकुमार भगवान बुद्धलाई निकै नै सम्मान गर्थे । उनले आयोजना गरेका हरेक कार्यक्रममा बुद्ध र बुद्ध संघलाई निमन्त्रण गरिन्थ्यो । उनले एक समयमा राजदरबारबाट केही टाढा एउटा अत्यन्तै सुन्दर भवन निर्माण गरेका थिए ।

उक्त भवन निर्माणपश्चात् गृह प्रवेशका अवसरमा राजकुमारले भगवान् बुद्धलाई संघसहित आमन्त्रित गरे । बुद्ध पनि राजकुमारको निमन्त्रणालाई स्वीकार्दै समयमा नै उक्त भवनमा उपस्थित हुनुभयो । राजकुमार भगवान बुद्धको स्वागतका लागि प्रवेश द्वारमा नै उभिइरहेका थिए ।

बुद्ध सामुन्ने पुगिसकेपछि राजकुमारले बुद्धलाई नमन गरे र भने- महलमा ज्ञानका लागि सिंढीहरू छन् र सिँढीमा सेतो सफा गलैंचा राखिएको छ । कृपया गलैंचामा हिँडेर हामीलाई कृतार्थ गर्नुहोस् ।' त्यति भनेपछि भगवान् बुद्ध रोकिनुभयो र भन्नुभयो- 'हेर कुमार, म यो संसारलाई ज्ञान बाँड्छु र ज्ञान के हो भनेर सिकाउँछु । यसरी ज्ञान सिकाउने मान्छेले यस प्रकारको सम्मानलाई महत्व दिन्छ भने उसले कसरी ज्ञान सिकाउन र बाड्न सक्छ ? उपासकले पनि यसरी मान सम्मानलाई महत्व दिन्छ भने ज्ञानलाई भन्नेछ ।'

यस प्रकार भगवान् बुद्धले एउटा नियम बनाउनुभयो कि वर्तमान र भविष्यका कुनै पनि धर्माचार्यले लाभ सत्कार र मान सम्मानका लागि धर्मको शिक्षा नदिउन् । त्यसपछि उक्त कार्यक्रममा बुद्धले मात्र अगाडि पाइला नचालेर बुद्ध, राजकुमार लगायत कार्यक्रममा उपस्थित सबै मानिसहरूले सँगै गृह प्रवेश गरे ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

## मेष

सफलताले हिम्मत दिलाउनेछ। प्रयत्न गर्दा राम्रै काममा जग बसाउने मौका छ। दिगो फाइदा हुने काम प्रारम्भ होला । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ । भेटघाटले समेत उत्साह बढाउला । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । मान-सम्मान प्राप्त होला । मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ । प्रतिष्ठित काम गरेर धेरैको मन जित्न सकिनेछ ।

## बृष

सामाजिक उत्तरदायित्व वहन गर्दै फाइदा हुने काम र जिम्मेवारी हात पार्ने मौका छ। तारिफयोग्य कामले धेरैको मन जित्न सकिनेछ। समुदायको हितमा राम्रै काम गर्न सकिनेछ । टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ । भाग्यले विभिन्न अवसर थमाउनेछ । उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ ।

## मिथुन

पहिलेका समस्या दोहोरिनाले अलमल बढ्न सक्छ । हल्लाको पछि लाग्दा दुस्ख पाइनेछ । गोपनीयता बाहिरिनाले पनि काममा समस्या आइपर्ला । स्वास्थ्यसम्बन्धी चिन्ताले सताउन सक्छ । परिस्थितिवश आँटेको काममा बाधा हुन सक्छ । आफ्ना कामबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । अरूकै लागि बुद्धि र श्रम खर्चनुपर्ला । समय नदिँदा योजना अधुरै रहनेछ ।

## कर्कट

परिस्थिति अनुकूल रहे पनि जीवनशैली व्यस्त रहला । निम्तो आए पनि आतिथ्य खर्चिलो बन्न सक्छ । भौतिक सुविधाले खर्च निम्त्याउला। आक्षेप लगाउनेहरूले दुस्ख देलान् । बोली-व्यवहारमा संयम रहँदै शुभचिन्तकहरूको भावना बुझ्ने चेष्टा गर्नुहोला । सुखदुःखमा साथ दिनेहरू थोरै हुनेछन् । तापनि प्रेम र मित्रताको बन्धन कसिनेछ भने दाम्पत्य सुखद् रहनेछ ।

## सिंह

प्रतिस्पर्धीहरू किनारा लाग्नेछन् भने मुद्दामा पनि विजय सम्भावना छ । रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । संघर्ष गरेरै अधिकार स्थापित गर्न सकिनेछ । व्यापारलगायत आर्थिक लाभ हुने काममा फाइदा हुनेछ। प्रयत्न गर्दा सजिलै लक्ष्य प्राप्त हुनेछ । मिहिनेतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ। भौतिक साधन जुट्नेछन् र दिगो फाइदा हुने काम सुरु हुन सक्छ ।

## कन्या

आँटले सजिलै लक्ष्यमा पुर्‍याउनेछ । सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। प्रतिष्ठित काम सम्पादन गर्ने अवसर प्राप्त हुनेछ। व्यापारमा धेरै फाइदा नभए पनि पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्नेछ। सन्तान वा अनुयायीको साथले हिम्मत जगाउनेछ । दिगो फाइदा हुने काम सम्पादन हुनेछ ।

## तुला

आफ्नो स्वामित्वका वस्तुमा विवाद आउन सक्छ । बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउनेछ । महत्वाकांक्षी योजना गोप्य राख्नुहोला । आफन्तबीच आत्मीयतामा कमी आउला। तापनि, बिग्रिएको सम्बन्ध र विगतका कमजोरीलाई बिस्तारै सुधार गर्न सकिनेछ । महत्वाकांक्षी योजना पनि बिस्तारै फलदायी हुनेछन् । पशु, भूमि र मातृधनबाट सामान्य लाभ मिल्नेछ ।

## बृश्चिक

विभिन्न उपहार प्राप्त हुने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। प्रतिद्वन्द्वीहरूलाई सजिलै हराउन सकिनेछ । गरिएका कर्मको उचित प्रतिफल पाइनेछ। कृषिमा कामको चाप बढ्न सक्छ। चौपायामा केही समस्या देखिए पनि प्रशस्त धन आर्जन हुने समय छ।

## धनु

आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ। अध्ययनमा प्रगति हुनेछ र चिताएको काम समेत समयमै सम्पादन हुनेछ। बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर प्राप्त हुनेछ । मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । मान-सम्मान प्राप्त हुनेछ । पहिलेका कमजोरीलाई सुधार्ने मौका अवश्यै पाइनेछ ।

## मकर

दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ । सहयोगीहरू प्रशस्तै भेटिनेछन् । रचनात्मक कार्यको थालनी हुनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द पाइएला । विगतको सफलताले थप हौसला मिल्नेछ। नयाँ कामको प्रस्ताव आउनेछ। पहिलेका कमीकमजोरीलाई पनि सुधार गर्ने अवसर प्राप्त हुनेछ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ ।

## कुम्भ

प्रतिस्पर्धामा जुट्नुपरे पनि बुद्धिले काम लिँदा बिस्तारै फाइदा हुनेछ। तत्काले लाभको पछि नलाग्नुहोला। ढिलै भए पनि लगनशीलताले फाइदा दिलाउनेछ । लामो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। विदेशबाट रकम हातलागी हुने सम्भावना छ । केही मात्रामा खर्च बढ्नेछ भने व्यवसायमा लगानी बढाउनुपर्ने समय छ । पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ ।

## मीन

आम्दानीका स्रोत भेटिए पनि धेरै फाइदा उठाउन नसकिएला । केही रकम हातलागी भए पनि तत्काल खर्चनुपर्ने स्थिति आउन सक्छ। श्रमको राम्रै मूल्यांकन भए पनि प्रतिफल तत्काले प्राप्त नहुन सक्छ । भएको आम्दानी र सञ्चित रकम समेत खर्चनुपर्ला । आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ । दिगो फाइदा हुने जिम्मेवारी भने प्राप्त हुनेछ। काम गर्दा होसियार रहनुपर्छ ।

# 'सिग्नेचर' को एक दिने अभियान



वास्तविक जीवनकथामा आधारित भनिएको चलचित्र 'सिग्नेचर'ले सकारात्मक सोचका लागि एक दिने अभियान सम्पन्न गरेको छ। एक दिने अभियानका क्रममा रक्तदान, विद्यार्थीलाई परामर्श, कन्डम वितरण र स्वास्थ्य जाँच आदि गरिएको थियो । सोही अवसरमा चलचित्रको प्रदर्शन समेत गरिएको थियो । प्रदर्शनीसँगै चलचित्रका कलाकारले दर्शकसँग अन्तरसंवाद गरेका थिए । जीवनमा अहिलेसम्म चुरोटसमेत सेवन नगरेका विनोद पौडेलले सुटिङमा चुरोट सेवन गुर्नपर्दा गाह्रो भएको अनुभव सुनाए । 'चलचित्रमा मेरो भूमिका दुर्व्यसनीको छ भन्ने मलाई थाहा थियो । जिन्दगीमा चुरोट पनि नखाएको मान्छे चलचित्रमा दुर्व्यसनीको भूमिका गर्दा गाह्रो भयो,' उनले भने । भूमिकामा डुब्न थुप्रै दुर्व्यसनीसँग संगत गरेको उनको भनाई थियो ।

विनोदकी प्रेमिकाका रूपमा नायिका नम्रता सापकोटाले अभिनय गरेकी छिन् । अभियनका हिसाबले उनको यो पहिलो चलचित्र हो । चलचित्रमा आस्था बनेकी नम्रताले विनोदलाई छोड्ने र अर्कोसँग विवाह गर्ने सर्न्दभ छ । छलफलका क्रममा दर्शकले नम्रताले प्रेमी छाड्ने कारणका सम्बन्धमा जिज्ञासा राखेका थिए । नम्रताले विनोदलाई छाड्नुका कारण आफूलाई पनि थाहा नभएको बताइन् । 'नढाँटी भन्नुपर्दा यसको कारण मलाई पनि थाहा छैन । मेरै मनमा पनि यो प्रश्न नाचिरहेको छ,' नम्रताले भनिन् । निर्देशक तथा निर्माता सागर उद्गमले हल नभएका स्थानमा पनि चलचित्र देखाइने बताए । चलचित्रमा विनोद, नम्रता र सन्दिप क्षेत्रीसँगै जीवनसाथी बस्नेत, निर्णय श्रेष्ठ, जेबी डीसी, सरिता गिरी, प्रज्ञा जोशीलगायतको अभिनय छ। सागर र प्रकाश सुवेदीले मिलेर यो चलचित्र बनाएका हुन् ।

# 'बोबी' मा नायक–नायिकाको खोजी

यतिबेला नेपाली चलचित्र क्षेत्रमा निर्देशक मिलन चाम्स सवैभन्दा बढी व्यस्त छन् । 'ह्याम्पी डेज र ब्लाइन्ड रक्स' प्रदर्शनको तयारीमा राखेर मिलन 'बोबी' नामक चलचित्रको छायांकन गरिरहेका छन् । उनले 'वीर विक्रम २' बनाउने घोषणा पनि गरिसकेका छन् । अब, उनै मिलनले फेरि नयाँ चलचित्र निर्माणको घोषणा गरेका छन् । मिलनले बनाउन लागेको नयाँ चलचित्रको नाम 'लिलिबिली' राखिएको छ । तर, यो नाम पछि परिवर्तन हुने मिलनले बताए । यो चलचित्रका लागि मोडल शिल्पा मास्के फाइनल गरिएको छ । हलिउड चलचित्र 'डक्टर स्ट्रेन्जमा'मा काम गरिसकेकी शिल्पालाई फाइनल गरिएको मिलनले बताए । वेलायत र स्कटल्याण्डमा छायांकन हुने चलचित्रको बजेट २ करोड माथि बताइएको छ ।

चाम्स इन्टरटेन्मेन्ट, काफिया फिल्मस् र डेउ फिल्मस्को संयुक्त ब्यानरमा यो चलचित्र निर्माण हुनेछ । चलचित्रका लागि मुख्य भूमिकामा रहनेगरि नायक र नायिकाको खोजी गरिएको मिलनले बताए । उनले भने-'हामीले लामो समयसम्म खोज्दा पनि नपाएपछि मिडियामार्फत अपिल गरेका हौ । चलचित्रमा अभिनय गर्न इच्छुक कसैले पनि हामीलाई सम्पर्क गर्न सक्नेछन् ।' त्रिकोणात्मक प्रेमकथामा यो चलचित्र निर्माण हुने चाम्सको भनाइ छ ।

# 'मेरी कुसुम' रिलिजको तयारीमा

यूएइका विभिन्न शहरमा प्रदर्शन पश्चात चलचित्र 'मेरी कुसुम' अब नेपालका विभिन्न हलमा रिलिज हुने भएको छ । नेपालमा बारम्बार प्रदर्शन मिति सरेको यो चलचित्र अब साउन ६ गतेबाट रिलिज हुने निर्माणपक्षले बताएको छ । यूएइका विभिन्न राज्यमा भएको प्रदर्शनपश्चात चलचित्रको राम्रो प्रतिक्रिया मिलेको भन्दै कलाकार तथा निर्माता मोहन बोगटीले नेपालमा पनि माया पाउनेमा विश्वस्त रहेको सुनाए । साउन ६ गतेबाट अब चलचित्रको प्रदर्शन पछाडि नसर्ने उनको भनाई छ। एनआर घिमिरेले निर्देशन गरेको यो चलचित्रमा मोहन बोगटी र हर्षिका श्रेष्ठको मुख्य भूमिका छ । मोहनले भने('दुबई, अवुधाबी लगायतका राज्यमा चलचित्र हेरेपछि दर्शकले उत्कृष्ट भन्नुभएको छ । हामीले, यूएइबाट नै लगानीको केही प्रतिशत रकम सुरक्षित गरिसकेका छौ । अब, नेपालबाट लगानी सुरक्षित हुनेमा ढुक्क छौ ।' सुनिता शर्मा बोगटी र रविन्द्र कुँवरले मिलेर यो चलचित्रको निर्माण गरेका हुन् । चलचित्रको 'माया गर्छु म' बोलको गीत अहिले चर्चामा छ । लभस्टोरी तथा सांगीतिक कथामा बनेको यो चलचित्रको ट्रेलरले पनि राम्रो हाइप पाइसकेको छ ।

# 'लिलिबिली' घोषणा

द्रुत गतिमा फिल्म बनाउन मिलन चाम्स अग्रणी छन् । उनी निर्देशक ह्याप्पी डेज र ब्लाइन्ड रक्स रिलिज तयारीमा छन् । बायोपिक बब्बी तालनगरी पोखरामा छायांकन भैरहेको छ । चाम्सले सोमबार रोमकम जानराको नयाँ प्रोजेक्ट लिलिबिली निर्माण घोषणा गरे । सबै छायांकन बेलायतको लन्डन र स्कटल्यान्डमा हुने सिनेमा बजेट साढे दुई करोड बताइएको छ ।

लिलिबिली वर्किङ टाइटल हो । फ्लोरमा जानुअघि अफिसियल शीर्षक घोषणा हुने तयारीमा उनी छन् । गतवर्ष नेपालमै सुट भएको मार्भल स्टुडियोको हलिउड फिल्म डक्टर स्ट्रेन्जमा खेलिसकेकी शिल्पा मास्के लिड हिरोइनमा पक्का भएकी छन् । यी लन्डन गर्लका लागि लिलिबिली डेब्यु प्रोजेक्ट हुनेछ । निर्देशक चाम्स अर्की एक नायिका र नायक पात्रको खोजीमा छन् । उनले अभिनेता र अभिनेत्रीमा खेल्न इच्छुकले आफूसँग सम्पर्क गर्न अनुरोध गरेका छन् ।

*(अनलाइनहरुबाट)*

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Proliferate = छिट्टै सर्वत्र फैलने गरी पड्काउनु Powerful countries tend to proliferate nuclear bomb as test to show their strenght (शक्तिशाली देशहरू आफ्नो शक्ति प्रदर्शन गर्न आणविक वम परीक्षण गर्ने नाउमा पड्काउने गर्दछन्)

Pyromaniac= जे कुरा पनि आगोमा हाल्ने प्रवृत्ति भएको मान्छे The pyromaniac who set fire and ran away was non other than his brother (आगो लगाई भाग्ने प्रवृत्तिको मान्छे उसको भाइबाहेक अरू कोही होइन)

Rubble=क्षतिबाट बाँकिरहेको Even after two years of earthquake, rubble can be seen everywhere here (भूकम्प गएको २ वर्ष भइसक्दा पनि भूकम्पीय क्षतिबाट भत्की बाँकी रहेका कुराहरू यहाँ देख्न सकिन्छ)

Supposition = अनुमान I do not believed in newspaper articles because they are mostly based on supposition (खबर पत्रिकामा निस्किएका लेखमा म विश्वास गर्दिनँ किनक ती अनुमानको भरमा लेखिएका हुन्छन्)

Tundra=रुखहरू नभएको ठाउँ Alpine land above 4000 mt. is regarded as tundra zone because there are no trees rather bushes (४००० मिटरमाथिको भूभागलाई तुन्द्रा प्रदेश मान्न सकिन्छ किनकि त्यहाँ रुखहरू नभई झाडीमात्रै पाइन्छन्)

Unprepossessing=आकर्षक नभएको The adolescents tend always to look at the mirror with the fear whether their face is unprepossessing (जवानीको खुड्किलामा चढ्न लागेकाहरू कतै आफ्नो अनुहार हेर्न लायकको छैन कि भन्ने डरले ऐनामात्रै हेरिरहने गर्दछन्)

Vituperative=फोहोरी भाषा Being gentlemen they never do vituperative dialogue (भलादमी भएका हुँदा तिनीहरू कहिले पनि फोहोरी भाषामा वादविवाद गर्दैनन्)

Witticism = शब्दजालपूर्ण I rather like people who criticize openly than those who use witticism (मलाई शब्दजालपूर्ण तरिकाले भनेर चित्त दुखाउने भन्दा खुलेरै आलोचना गर्ने मान्छे मनपर्छ )

Ascetic=सादा, थोरैले पुग्ने Buddhist monks tend to pass an ascetic life - बौद्ध भिक्षुहरूले सादा जीवन व्यतित गर्ने गर्दछन्)

Breach = उल्लंघन गर्नु As one of the contracting party breached the provisions made in the understanding, the other party declared the contract immediately invalid (सम्झौता गरेको एक पक्षले सम्झौतामा सहमति भएका कुराको उल्लंघन गरेको हुँदा अर्को पक्षले तुरुन्तै सम्झौता खारेज गरिदियो)

# सामान्य ज्ञान प्रश्नोत्तरहरू

विश्वमा शनिबार सार्वजनिक बिदा हुने नेपालबाहेक अर्को देश कुन हो ? • इजरायल

ओ ग्रुपको रगत भएको व्यक्तिलाई के भनिन्छ ? • सार्वभौम दानकर्ता

जापानको राजधानी टोकियोको पुरानो नाम के हो ? • युडो

नेपालमा मात्र पाइने चरा कुन हो ? • काँडे भ्याकुर

काठमाडौं उपत्यका कति वर्ग किमिमा फैलिएको छ ? • ६४२ वर्ग किमि

कहाँको बेरोजगार मानिसहरूले बेरोजगार भत्ता पाउँछन् ? • पश्चिमी मुलुकहरूमा

नेपालमा भेटेनरी सर्जन पास गर्ने प्रथम व्यक्ति को हुन् ? • मे. दिलबहादुर खत्री

राष्ट्रिय खेलकुद परिषद्को पुरानो नाम के हो ?• राष्ट्रिय खेलकुद तथा स्वास्थ्य परिषद्

नोबेल पुरस्कार पाउने एक मात्र प्रधानमन्त्री को हुन् ? • विन्स्टन चर्चिल

इंग्ल्यान्डको राष्ट्रिय गीतका रचयिता को हुन् ? • जेम्स थम्सन

गोलभेंडाको पहिलो नाम के हो ? • लभ एपल

सूर्य, चन्द्रमा भन्दा कति गुणा ठूलो छ ? • ४०० गुणा

ल्तामंगेस्करले कतिवटा गीत लण्डनको फिल्महरूमा गाएकी छिन् ? • २०००

एसियाको सबैभन्दा ठूलो कोलोनी (घर) कुन देशमा छ ? • हैदरावाद (भारत) ४०,००० टोल)

युनाइटेड स्टेटको सबैभन्दा कम उमेरको विमान चालक को हुन् ? • क्रिस्टोफर मार्शल १० वर्ष

भारतमा सर्वप्रथम सिनेमा हल कहिले बन्यो ? • सन् १९०७, कलकत्ता

सन् १८७८ मा कतिजनासित टेलिफोन लण्डनमा थियो ? • १० जना

समुद्रको मुनि विश्वको सबभन्दा ठूलो सुरूङ कुन देशमा छ ? • जपान

आँसु ग्यासको वैज्ञानिक नाम के हो ? • क्लोरोपिलिकल्घन

विश्वको सबैभन्दा ठूलो मस्जिद कहाँ छ ? • मोरक्को (उत्तर अफ्रिका)

लामखुट्टेलाई टाढा राख्नका लागि साबुन कहाँ बनाइएको छ ? • पश्चिमी प्रशान्त देशहरूमा

# फरक थाहा पाई राख्नुहोस्

Sight=दृश्य The sight of Everest from Nagarkot is fascinating नगरकोटबाट देखिने सगरमाथाको दृश्य मनमोहक हुन्छ ।

Spectacle = कहिलेकाहीँ देखिने दृश्य The opening of Olympic games is a thrilling spectacle ओलम्पिक खेलको उद्घाटनको दृश्य ज्यादै रमाइलो र जोशपूर्ण हुन्छ ।

Metaphor=शब्दको अर्थभन्दा बेग्लै भाव झल्कने She has a heart of stone is an example of metaphor उनको मुटु ढुंगाले बनेको छ भन्नुको अर्थ कडा छ भन्ने बुझाउनु हो किनकि ढुंगाको मुटु हुँदैन ।

Metamorphose=रुप बदलिदिनु The magician metamorphosed the handkerchief into a pigeon जादुगरले रुमाललाई परेवामा परिणत गरिदियो ।

Slack = अल्छि हुनु । कामबाट टाढा हुन खोज्नु Stop slacking and get on with doing your work अल्छि नहोउ, गृहकार्य गर्नेतर्फ लाग ।

Slake = पुनः ताजा हुनु He slacked his work for a minute to slake his thirst तिर्खा मेटाइ ताजा हुनको लागि ऊ केही मिनेटको लागि कामबाट विश्राम लियो ।

Slowly = बिस्तारै He drives slowly ऊ बिस्तारै हाँक्छ ।

Slow = सुस्त He is slow and retarded ऊ सुस्त छ र उसको शारीरिक विकास ढिलो गरी भएको छ ।

Sludge= बाक्लो हिलो There is sludge at the bottom of the tank ट्यांकीको सतहमा केही बाक्ला हिला छन् ।

Slush= हिलाम्मे I do not want to go through such a slushy lane यस्तो हिलाम्मे गल्लीबाट म हिँड्न चाहन्न ।

## सुडोकु-अंक ६१

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ४ | | | ७ | | | |
| | | | | ४ | | ९ | | |
| | १ | | २ | ३ | | ६ | | ८ |
| ५ | | ६ | ४ | | | | | ९ |
| १ | | | | | | | | ७ |
| ३ | | | | | ९ | २ | | ५ |
| ६ | | ७ | | ५ | ४ | | ८ | |
| | | ५ | | २ | | | | |
| | | | ७ | | | ३ | | |

## अंक ६० को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ४ | ९ | ७ | ८ | १ | २ | ३ | ६ |
| ६ | १ | ७ | ४ | ३ | २ | ९ | ५ | ८ |
| ३ | ८ | २ | ९ | ६ | ५ | ७ | १ | ४ |
| २ | ५ | १ | ३ | ७ | ४ | ८ | ६ | ९ |
| ९ | ७ | ८ | ५ | १ | ६ | ४ | २ | ३ |
| ४ | ६ | ३ | २ | ९ | ८ | ५ | ७ | १ |
| १ | ९ | ४ | ६ | २ | ७ | ३ | ८ | ५ |
| ७ | ३ | ६ | ८ | ५ | ९ | १ | ४ | २ |
| ८ | २ | ५ | १ | ४ | ३ | ६ | ९ | ७ |

# बाल विकास समाजका विविध गतिविधि





अभियान रूपान्तरण कार्यक्रमका केही झलकहरू





अभियान रूपान्तरण कार्यक्रमका केही झलकहरू



क्षमता विकास तालिमका सहभागीहरू



अभिमुखिकरण कार्यक्रम पस्चात सामुहिक तस्विर



दिवा शिशु स्याहार केन्द्रका बालबलिकाहरू खजा खाँदै

**"अभियान रूपान्तरण"**

बाल विकास समाजले नुवाकोट जिल्लाका ५ वटा साविकका गा.वि.स.हरु गोर्स्याङ्ग, खड्गभञ्ज्याङ्ग, बेलकोट, मदानपुर र कुमरीमा रहेका किशोरकिशोरीहरुको सशक्तिकरणको लागि भूकम्प प्रभावित जिल्लाका किशोरकिशोरी सशक्तिकरण परियोजना संचालन गरिरहेको छ। बालबालिका/किशोरकिशोरीका र अभिभावकका माध्यमबाट उनीहरुका दौंतरीहरुलाई नै तालिम संचालन गर्ने तथा सिकाई हस्तान्तरण (Roll out) गर्ने कार्यक्रम संचालन भइरहेको छ । जिल्लाका २६२५ जना १० देखि १९ वर्षसम्मका बालबालिका/किशोरकिशोरीहरु, २५५० जना अभिभावकहरु र १००० जना समुदायका अन्य व्यक्तिहरुलाई लक्षित गरिएको यस परियोजनामा हालसम्ममा १८५४ जना बालबालिका र १७६६ जना अभिभावकहरुलाई ज्ञान सिप र धारणको विकास गरी तालिम तथा सिकाई हस्तान्तरण कार्य सम्पन्न भइसकेको छ ।

तालिममा विशेष गरी उनीहरुको सशक्तिकरण र बाल संरक्षणका लागि रुपान्तरण सम्बन्धी विषयहरु मेरो संसार, आत्मजागरण, बालअधिकार र हाम्रो कर्तव्य, लिङ्ग, लैङ्गिकता र सामाजिक समावेशीकरण, किशोरावस्था, प्रजनन् स्वास्थ्य र अधिकार, एच.आइ.भी र एड्स, प्राथमिक उपचार, पोषण, हिँसा र दूर्व्यवहार, बालविवाह, नागरिक सहभागिता, आम्दानी, बचत र खर्च, जीविकोपार्जनका विकल्पहरु जस्ता विषयवस्तुहरुमा प्रशिक्षित भएका छन् । स्थानीय समुदायमा बालबालिका तथा अभिभावकलाई तालिम संचालन गर्नुपूर्व बालबालिका तथा अभिभावकलाई नै प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गरिएको थियो ।

युनिसेफको आर्थिक सहयोगमा कन्सोर्टियम नेपालको साझेदारी तथा सहकार्य समाज नेपाल (विदुर) समन्वयमा संचालित यस परियोजनाको यही असार २३ गतेका दिन जिल्ला बाल कल्याण समिति, जिल्ला समन्वय समिति, महिला तथा बालबालिका कार्यालय, युनिसेफ केन्द्रीय कार्यालय तथा नुवाकोट साइट, सहकार्य समाज, बालविकास समाजका आजीवन सदस्य एवं बाल संरक्षण उपसमिति तथा सिनियर कर्मचारीबाट संयुक्त रुपमा प्रत्यक्ष अवलोकन तथा अनुगमन कार्य सम्पन्न भएको छ ।

अभिभावकलाई तालिम दिई किशोरकिशोरी सम्बन्धी समुदायमा रहेका परम्परागत गलत धारणा हटाउन तथा दौंतरी शिक्षाका माध्यमबाट जीवनोपयोगी सिप र ज्ञान प्रदान गर्न, स्थानीय निकायको योजना तर्जुमा प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्न, बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न, किशोरकिशोरी सशक्तिकरण गरी विपद् जोखिम न्यूनिकरण गर्न र समुदायका सबै पक्षहरु रुपान्तरण गर्नका लागि यस परियोजनाले महत्वपूर्ण भूमिका खेलेको कुरा संस्थाका कार्यक्रम व्यवस्थापक प्रदिपकुमार श्रेष्ठले बताउनुभयो ।

**नवनिर्वाचित जन प्रतिनिधिहरूलाई बधाई तथा बालअधिकार ,बाल संरक्षण सम्बन्धी अभिमुखिकरण**

बाल विकास समाजको आयोजनामा तथा सेभ द चिल्ड्रेनको साझेदारीमा संचालित "नेपालमा ईट्टा भट्टामा कार्यरत बालबालिकाहरुको संरक्षण परियोजना"अन्तर्गत भक्तपुर, काभ्रे र रामेछाप जिल्लाका विभिन्न स्थानहरुमा शैक्षिक, बाल संरक्षण तथा जनचेतनामुलक कार्यक्रम सन् २०१३ नोभेम्बरदेखि संचालन गर्दै आइरहेका छ । यसै क्रममा निरन्तरता दिदै समाजले रामेछापमा मिति २०७४ साल असार २० र २१ गतेको दिन बधाई तथा बालअधिकार, बाल संरक्षण सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरियो ।

उक्त कार्यक्रममा सूर्योदय सेवा समाज न्यायिक संसार बाल बिकास समाजको संयुक्त आयोजनामा सुनापाति गाउपालिका र खाडादेवी गाउँपालिका अर्न्तगत बाल बिकास समाजले रामेछापमा कार्य गरेको क्षेत्र अर्न्तगत खनियापानी, राकाथुम, पकरवासका नवनिर्वाचित जनप्रतिनिधिहरु ल्गायत गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र कार्यकारी अधिकृतको उपस्थितिमा ५४ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा विगतमा परियोजनाले गरेका क्रियाकलापहरुको प्रस्तुति, छलफल नवनिर्वाचित जनप्रतिनिधिहरुसँग बालबालिकाहरुको बालअधिकार, बाल संरक्षण के हो स्थानीय स्तरमा बालबालिकाहरुको लागि जनप्रतिनिधिहरुको भूमिका के के हुन सक्छ, बालबालिकाहरुको सवालहरुलाई समेटेर अब गर्ने कार्यक्रममा कस्ता खालका योजना निर्माण गर्नुपर्ने हुन्छ भन्ने बिषयमा कार्यक्रममा छलफल भएको थियो ।

बालबालिकाहरुको हक अधिकार सुनिश्चत गर्न स्थानीय तथा जिल्ला स्तरका सरकारी कार्यालय, विभिन्न संघसंस्थाहरु तथा सम्बन्धित सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गरेर र कार्यक्रम गर्दा प्रभावकारी रुपमा कार्यक्रम सफल हुन सक्ने कुराको जानकारी सुनापाति गाउँपालिका र खाडादेवी गाउँपालीकाको अध्यक्षहरुले बताउनु भएको थियो ।

**बालबालिकाको लागी खाजा कार्यक्रम**

बाल विकास समाजले आफ्नो स्थापनाकालदेखि नै श्रमिक, सुविधाविहीन तथा जोखिममा रहेका नेपाली बालबालिकाहरूको क्षेत्रमा काम गर्दै आइरहेको छ । न्यून आर्थिक स्थिति भएका, पिछडिएका समुदाय, दैनिक ज्यालादारीमा काम गर्ने, विपन्न वर्गका, श्रम क्षेत्रमा काम गर्ने अभिभावकका बालबालिकाको बालअधिकार र बालविकासको प्रत्याभूति दिलाउने, बालश्रम न्युनिकरण गर्ने, उचित लालन–पालन तथा स्याहार सुसारबारे बाबुआमालाई व्यवहारिक ज्ञान दिनुका साथै श्रमिक आमा बाबुहरूलाई बच्चा बोकेर काम गर्नुपर्ने बाध्यता तथा दाइ दिदीले भाइ बहिनी हेरेर बस्दा विद्यालय जान नपाउने अवस्था हटाउन सहयोग पुऱ्याउने अवधारणा अनुसार यस समाजले दिवा शिशु स्याहार कार्यक्रम गर्दै आइरहेको छ ।

बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र जनचेतनामूलक क्षेत्रमा संस्थाले प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने उद्देश्यले संचालन गर्दै आइरहेको यस कार्यक्रम हाल धादिङ र काठमाडौंमा गरी २ वटा जिल्लामा संचालित छन् । साथै उक्त केन्द्रमा आउने बालबालिकाको लागि संस्थाले खाजाको पनि व्यबस्था गरिएको छ । बालबालिकालाई खाजा तालिका अनुसार दैनिक फरक फरक खाजा खुवाउने गरिन्छ । बालबालिकालाई खाजा खुवाउन दातृ संस्था वा अरु कसैको पनि भर पर्न नपरोस् वा दातृ संस्थाले सहयोग नगरेको अवस्थामा पनि केन्द्रमा आउने बालबालिकाले खाजा खानबाट बञ्चित हुन नपरोस् भन्ने उदेश्यले यस खाजा कार्यक्रमलाई "बालबालिकासँग खाजा खाऔं कम्तिमा एक दिन सामाजिक उत्तरदायित्व वहन गरौं" भन्ने नाराका साथ अभियानको रुपमा संचालन गरिएको छ ।

हाल यस अभियानमा बाल विकास समाजका बोर्डका सदस्यहरु, बाल विकास समाजका कर्मचारीहरु, अन्य संघसंस्था तथा समाजसेवीहरुको सहभागीता रहेको छ । विषेश गरी आफ्ना आफन्त, आमा, बुबाहरुको तिथि श्राद्ध, कुनै अवसर खुसियाली, जन्मदिनको अवसर पारेर केन्द्रमा रहेका बालबालिकालाई खाजा खुवाउने चलन रहेको छ । यसै क्रममा मिति २०७४ असार १५ गतेका दिन बाल विकास समाजका आजिवन सदस्य कुमार अधिकारीले आफ्नो छोरीको जन्म दिनको अवसर पारेर बाल विकास समाजको भवनमा संचालन भइरहेको दिवा शिशु स्याहार केन्द्रका ३८ जना बालबालिकाहरुलाई खाना खुवाउनु भएको थियो । खानामा बालबालिकालाई मासु भात खुवाउनु भएको थियो ।

**किशोरकिशोरीहरूलाई क्षमता विकास तालिम**

बाल विकास समाजले विद्यालय युवा सशक्तिकरण कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययन गर्ने किशोरावस्थाका विद्यार्थीहरुका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी उनीहरुलाई जोखिमपूर्ण व्यावहारबाट संरक्षण हुन सहयोग पुऱ्याउँदै आइरहेको छ । बालअधिकार, बालदुर्व्यवहार, बाल यौन दुर्व्यवहार, एच.आइ.भी. एड्स बाल हिँसा तथा महिला हिँसा, गलत साथीबाट जोगिने उपाय, कुलतबाट बच्ने उपाय, जीवनोपयोगी सीपलगायतका विषयमा हरेक महिनाको प्रत्येक शनिबार यस संस्थाको केन्द्रीय कार्यालय कपनमा तालिम सञ्चालन संस्थाको आयोजनामा हुने गर्दछ । तालिममा ११ देखि १९ वर्षसम्मका विद्यार्थीहरु सहभागी हुने गर्दछन् ।

तालिम सञ्चालनमा बाल विकास समाजका कर्मचारीहरुले रोटेसनका आधारमा निशुल्क रुपमा विदाको दिन संस्थालाई समय दिइरहेका छन् । कुनै पनि दातृ निकायको सहयोगबिना नै सञ्चालन भएको यस तालिमबाट बालबालिकाहरुले सेवा लिन पाउनु भनेको संस्थाका लागि पनि गौरवको विषय हुन सक्छ । यस संस्थाका कर्मचारीहरुको कामलाई पक्कै पनि प्रशंसा गर्न लायक छ । यसैगरी अरुणोदय माध्यमिक विद्यालयका २५ जना ११ वर्षदेखि १९ वर्षसम्मका किशोरकिशोरीहरुका लागि ११ हप्ते क्षमता अभिवृद्धि तालिम सञ्चालन भइरहेको छ ।

उक्त तालिममा एचआइभी एड्सका बारेमा सहभागीहरुलाई प्रशिक्षण गरिएको थियो । संस्थाका कर्मचारी प्रयासा केसीले तालिमको सहजीकरण गर्नु भएको थियो ।

तालिममा विद्यार्थीहरुले सक्रिय रुपमा सहभागिता जनाएका थिए । यस किसिमको तालिमबाट धेरै कुराको ज्ञान हासिल गर्ने मौका पाइने हुनाले यस तालिममा नियमित रुपमा सहभागी हुने कुरा विद्यार्थीहरुले बताएका थिए । यस तालिमबाट सहभागीहरुले एचआइभी एड्सको बारेमा बच्ने र बचाउने उपायको बारेमा ज्ञान हासिल गरेको थिए । पावरपइन्ट तथा समुहकार्यबाट चलाइएको छलफलमा सहभागीहरुले सक्रिय रुपमा सहभागिता जनाएका थिए । सेवाको भावनाले अभिप्रेरित भएर काम गर्ने हो भने कसैको सहयोग विना नै प्रभावकारी काम गर्न सकिने कुराको ज्वालन्त उदाहरण बालविकास समाजका कर्मचारीहरुले दिएका छन् । कर्मचारीले नै तयार गरेको यो उपायबाट एक वर्षमा कम्तीमा ३ वटा सामुदायिक विद्यालयका बालबालिकाहरुले यो सेवा लिने योजना रहेको छ ।

दौतरीको माध्यमबाट बालबालिकाहरुलाई चेतनशिल बनाउने राम्रो कार्यको रुपमा यस तालिमलाई हेरिएको छ । यो क्षमता अभिवृद्धि तालिम प्रभावकारी रुपमा सञ्चालन भएको अवस्थामा पक्कै पनि सामुदायिक विद्यालयका बालबालिकाहरुलाई विभिन्न समस्याबाट जोगिनका निम्ति सहज हुने देखिन्छ । सोही विषय विद्यालय पाठ्यक्रममा समावेश गरिएको भए तापनि तालिममा जस्तो अन्तरक्रियात्मक छलफल विद्यालयमा नहुने भएको हुँदा यस तालिमबाट एचआभी एड्सको बारेमा धेरै कुरा सिक्न पाएको भनाइ सहभागीहरुको थियो ।

**प्रस्तुतकर्ता : प्रदिपकुमार श्रेष्ठ**

वातावरण

हेमचन्द्र महतो

# जलवायु परिवर्तन र यसको असर

लामो समय पानी नपर्नु नै खडेरी हो । खडेरी को अर्थ सुख्खा हुनु हो । खडेरी एउटा प्राकृतिक घटना हो, जुन मौसम र उच्च चाप प्रणलिसँग सम्बन्धित छ । खडेरी विस्तारै प्राकृतिक प्रकोप बन्दै गएको छ । बैज्ञानिकहरूको भनाई बमोजिम मौसम विज्ञान अनुसार वर्षा हुने स्थान र सुख्खा समयमा पानी परेन भने त्यसलाई मौसमी खडेरी भनिन्छ । जल विज्ञान अनुसार खडेरी पृथ्वीको सतह र उपसतहमा पानीको आपूर्तिमा कमीलाई जनाउदछ । ताल तलैया, भूमीगत पानी लगायतको सतहमा कमीका आधारमा यसको आँकलन गरिन्छ । कृषि खडेरी कुनै निश्चित ठाँउमा खास अनाजका लागि माटोमा हुने चिस्यानमा आधारित हुन्छ । खडेरीलाई जुनसुकै नाम दिए पनि यो जलचक्रलाई प्रभावित पार्ने कारक तत्व हो । जलचक्रका कारण पारिस्थितिक पद्धति प्रभावित हुन्छ । यसले जल र स्थलमा अनेकौ समस्या निमत्याउछ ।



विशेषज्ञहरूको अनुसार जलवायु परिवर्तन नै खडेरीको प्रमुख कारण हुन् । वन विनाश, विश्वव्यापी तापक्रममा वृद्धि, अत्यधिक हरित ग्याँस उत्सर्जन आदी जलवायु परिवर्तनका कारणहरू हुन । नेपालको जनसंख्या विश्व जनसंख्याको ०.४ प्रतिशत भन्दा कम छ । तर नेपालले विश्व उत्सर्जनको ०.०२५ प्रतिशत मात्र हरितगृह ग्याँस उत्सर्जन गर्छ तर पनि नेपालको तापक्रम वार्षिक ०.०५६ डिग्री सेल्सियस दरले वृद्धि भईरहेको अनुमान गरिएको छ । जलवायु परिवर्तनका कारण नेपालमा अनावृष्टि, अतिवृष्टि, समयमा पानी नपर्ने, वर्षाका दर र गतिमा परिवर्तन, पानी पर्ने दिनमा कमी आदी घटनाहरू कुनै नौलो होइन । अनावृष्टिलाई नै खडेरी भन्ने गरिन्छ ।

खडेरीले गर्दा कृषि उत्पादनमा कमि, खानेपानीको हाहाकार, जैविक विविधतामा ह्रास आदी असरहरू नेपालका देखा परेका छन् । जसले गर्दा देशको आर्थिक अवस्था खस्किनु मात्रै नभई देशका प्रति व्यक्ति आयमा गिरावट, कुल ग्राहस्थ उत्पादनमा समेत कमि आउने गर्दछ ।

जलवायु परिवर्तनका कारण नै खडेरी हुने कुरामा हामी दुईमत छैनौ । जलवायु परिवर्तन एउटा प्राकृतिक घटना हो । यो निरन्तर परिवर्तन भईराख्ने चक्र हो । यसलाई हामी रोकेर राकिन्न । परिवर्तन संसारको नियम हो । परिवर्तन अनुसार हामीले जिउन सक्नु पर्दछ । जलवायु परिवर्तनको असरलाई न्युनीकरण गर्न ज्यादै खर्चिलो, समय बढी लाग्ने, बढी साधन स्रोचको आवश्यक्ता हुन्छ । जुन हाम्रो जस्तो विकासोन्मुख गरीव देश नेपालले धान्न सक्दैन । जलवायु परिवर्तनबाट सिर्जित प्रकोप हो खडेरी । यसबाट बढी मार गरिब, किसान, महिला आदी वर्गमा पर्दछन । नेपाल जलवायु परिवर्तनको असरका हिसाबले जोखिमयुक्त देश भएको हुनाले खडेरी नेपालको लागि अतिनै संवेदनशिल विषय बन्दै गएको छ ।

कृषिमा आधारीत जिविकोपार्जन, प्रकोपको पूर्व सूचना प्रणालीको अभाव, कमजोर आर्थिक स्थिती, सरकारको अस्थिरता, कमजोर वा अपर्याप्त पूर्वाधार आदी कारणले नेपाल अति नै जोखिममा परेको देश हो । त्यसकारण खडेरीबाट बच्न जलवायु परिवर्तन न्यूनीकरण गर्नुभन्दा सोको पर्ने असरबाट अनुकुलन हुन जरूरी छ । अनुकुलन स्थानिय स्तरमै गरिन्छ ।

अनुकुलन कार्यक्रम अत्यन्तै फाइलाजनक, किफायती, जनउपयोगि हुन्छ । यसले सकारात्मक असरलाई वढावा गर्दछ भने नकारात्मक असरलाई न्यूनीकरण गर्दछ । अनुकुलन कार्यक्रमहरू तिव्र गतिमा प्रभाव पार्ने गर्दछ । यस्ले स्थानिय समस्याको सम्बोधन गर्ने गर्दछ । अनुकुलन हुनु एउटा कला हो यो आफुलाई परिवर्तित समय अनुसार बाँच्न सिकाउछ, समस्या समाधान गर्न, प्रकोप विरूद्ध लडन तयार गराउछ ।

अन्तमा, नखाई बाँच्न सकिदैन । त्यसकारण हामीले खडेरीबाट लडनै पर्दछ । कृषिप्रधान देश साख बचाउनै पर्दछ । कृषियोग्य जमिनहरू बाँझो हुनुबाट बचाउन खडेरीबाट सिर्जित समस्याहरूको समाधान गर्न अनुकुलन कार्ययोजना अनुसार अगाढी बढनु आजको आवश्यक्ता हो । पानी मुहान सुक्ने प्रकोप बाट अनुकुलन हुन विभिन्न क्रियाकलापहरू जस्तै : वृक्षारोपण गर्ने, जोगाउने, हुर्काउने, वढ्दो तापक्रम सहन सक्ने वोटविरूवा तथा वाली नालीहरू को नश्ल तयार गरी खेती गर्ने, कृषिवन लगाउने, पानीको मुहान संरक्षण (इन्टेक,टंकी तथा पाइप लाइन व्यावस्थापन) गर्नु आवश्यक देखिन्छ भने कृषि उत्पादनमा/माटोको उर्वराशक्तिमा ह्रास जस्ता प्रकोप बाट अनुकुलन हुन सिचाई पोखरी निमार्ण, प्लाष्टिक पोखरी मर्मत, प्लाष्टिक पोखरी मर्मत, आकासे पानी संकलन, उन्नत जातका विउविजन खरिद, गोठेमल सुधार, गोठ सुधार(भकारो सुधार), कम्पोष्ट मल, पशु मुत्र संकलन, स्प्रे टंकी खरिद, अगुवा कृषक विकास, कृषक पाठशाला इत्यादी क्रियाकलापहरू संचालन गर्न जरूरी देखिन्छ । सिचाइमा असर(खडेरी) बाट बच्न सिचाई पोखरी निर्माण, सिचाई कुलो निर्माण आकासे पानी संकलन गर्ने जस्ता क्रियाकलापहरू गर्न जोड दिनुपर्ने देखिन्छ ।

यसरी खडेरीबाट सिर्जित विभिन्न प्रकोप र विभिन्न प्रकोपहरूबाट उत्पन्न विभिन्न समस्याहरूबाट बच्नका लागि हामी जस्तो गरिव देशका जनताहरू अनुकुलनका लागि क्षमता अभिवृद्धि गर्दै अनुकुलन कार्ययोजनाहरू संचालन गर्न अपरिहार्य देखिन्छ । तब मात्र हामी र हाम्रो देशको सामाजिक, आर्थिक विकास सम्भव छ ।

## राजपाले...

चरणका लागि मतपत्र छापिइसकेको आयोगको भनाइ छ । तेस्रो चरणको निर्वाचनअघि राजपालाई चुनाव चिन्ह दिन नमिल्ने आयोगको ठहर छ । प्रादेशिक र संसदीय निर्वाचनमा भने राजपाले चुनाव चिन्ह पाउनेछ ।

## भारतीय...

भारतले । बीआरआईले विवादित कास्मिर हुँदै दक्षिण पाकिस्तानको अरबियन सागर नजिक ग्वादरसम्म सडक सञ्जाल छुँदैछ । यसले पाकिस्तानलाई थप उन्नतितर्फ उकाल्ने भयले भारत त्रसित बनेको छ । चीन र पाकिस्तानबीचको आपसी सम्बन्धबाट पनि भारत सन्तुष्ट छैन । चीनले पाकिस्तानलाई च्यापेकोमा भारत क्रुद्ध छ, किनकि पाकिस्तान भारतको चिरपरिचित दुश्मन राष्ट्र मानिन्छ । कास्मिर विवादले दुवै देशबीच उत्पन्न गराएको शत्रुता कायमै छ ।

चीन र भारतबीचको कूटनीतिक चिसोपन भारतले बीआरआईमा सहभागी नजनाएकै कारण उत्पन्न भएको हो । हालै जर्मनीमा सम्पन्न जी २० शिखर सम्मेलनमा सिजिन पिङ र नरेन्द्र मोदीबीच भेट भए पनि दुई नेताबीच खुलेर गफ नहनुले पनि भारत चीनबीचको चुलिँदो विवादलाई छर्लङ्ग्याउँछ । चिनियाँ कम्युनिस्ट पार्टीको मुखपत्र पिपुल्स डेलीको सहप्रकाशन ग्लोबल टाइम्सले दोक्लम प्रकरण, भारत चीन सम्बन्ध, सिक्किम विलयको वैधानिकता जस्ता गम्भीर भूराजनीतिक तथा सामरिक प्रश्नहरुको उठान गरेको छ । ग्योबल टाइम्सको सम्पादकीयमा उठाइएका विषयहरुले भारतलाई आक्रोसित बनाएको छ । अझ चिनियाँ सेनाको आक्रामक गतिविधिले भारत सशंकित बनेको छ । ग्लोबल टाइम्सले उठाएका प्रकरणहरुको दीर्घकालीन सामरिक र भूराजनीतिक प्रभाव रहने निश्चित छ । भारतका छिमेकीहरु नेपाल, पाकिस्तान, श्रीलंका, बंगलादेश, भुटान, अफगानिस्तान, माल्दिभ्स लगायतका देशहरुमा चीनले आर्थिक कूटनीतिमार्फत प्रभाव व्यापार र बजार विस्तार गर्ने रणनीति बीआरआईबाट लिएको भारतको बुझाइ छ । विश्वव्यापी रुपमा चिनियाँ लगानीको प्रत्याभूति, व्यापार र बजारको सुनिश्चितता, कूटनीतिक तथा सैन्य प्रभाव विस्तार चीनको रणनीतिबाट भारत तर्सिइरहेको छ । करिब ५० अर्ब डलरको चीन पाकिस्तान आर्थिक करिडर, अरब सागरसम्म विस्तार हुने पाकिस्तानको ग्वादर बन्दरगाह निर्माण, बंगलादेशसँग चीनले गरेको २४ अर्ब डलरको सम्झौता, श्रीलंकाको हम्वानटोट्टा बन्दरगाह, माल्दिभ्स र म्यानमारमा बन्दरगाह तथा विमानस्थल निर्माण जस्ता आर्थिक एवं सामरिक पूर्वाधार हरुले भारतीय स्वार्थलाई चुनौती दिइरहेका छन् । भारतले यसलाई सुरक्षासँग पनि जोडेको छ । चिनियाँ लगानीबाट सुरक्षामा पर्न सक्ने असरबारे भारतले अनुसन्धान सुरु गरिसकेको छ । चीनलाई सामरिक दृष्टिले टक्कर दिने अमेरिकी रणनीतिअन्तर्गत अमेरिकासँग भारत रणनीतिक साझेदार बनेपछि उसको सामरिक हैसियत र महत्वकांक्षा बढ्दै गएको छ । अमेरिकाको सहयोगमा दक्षिण एसियामा आफ्नो परम्परागत प्रभाव कायम राख्ने र चीनलाई नियन्त्रित गर्ने भारतीय रणनीति छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको हालै अमेरिका भ्रमण र ट्रम्पको मोदीप्रतिको विश्वासले पनि आगामी दिनमा भारतको दादागिरी अरु बढ्ने संकेत देखिँदैछ । इजरायलसँग हतियार खरिद सम्झौताले पनि भारत आफूलाई अझ सशक्त बनाउँदै चीनविरुद्ध खनिन खोज्दैछ भन्ने प्रस्ट हुन्छ । भारतमा नरेन्द्र मोदीको उदयपछि उसले सबभन्दा बढी हतियारले आफू सुसज्जित भएर छिमेकी मुलुकहरुलाई तर्साउने रणनीति अख्तियार गरिरहेको छ । यता चीन भने आफूले भिजन गरेको बीआरआईमा सहभागी नहुने भारतलाई कतै न कतैबाट सबक सिकाउनैपर्ने मान्यतामा देखिएको छ ।

दक्षिण एसियामा आफ्नो प्रभाव कायम गर्न चीन र भारत प्रतिस्पर्धामा देखिन्छन् । यही स्वार्थमा यिनीहरु मिल्छन् पनि । सन् २००३ मा सिक्किम भारतको प्रान्त हो भनेर भारतले स्वीकारेको थियो । भारतले पनि तिब्बत चीनकै भूभाग हो भनेर मान्यता दिएको थियो । यी दुईका साझा स्वार्थमा नेपालको लिपुलेकमाथि हस्तक्षेप गरियो । १९६२ को चीन भारत युद्धले कालापानी अतिक्रमित गरियो । अहिले चीनले सिक्किमलाई स्वतन्त्रतामा उतार्नेसम्मको भारतलाई चेतावनी दिइरहेको छ भने भारत अमेरिकी उक्साहटमा दलाई लामालाई चीनको सीमाक्षेत्र हिमाञ्चल र अरुणाचलतिर कुदाउन थालेको छ ।

आफ्नो सुरक्षामा निकै सतर्क रहने चीन भारतीय गतिविधिबाट सशंकित बन्दैछ । तिब्बतलाई चीनको भूभागबाट अलग गर्ने अमेरिकालगायत पश्चिमा शक्तिराष्ट्रहरुको योजनाको मतियार बनिरहेको छ भारत । चीनलाई तिब्बत मामिलामा फसाएर अतिमहाशक्तिको ताज जोगाउने रणनीतिमा ट्रम्प प्रशासन लागेको छ भने यसलाई सहयोग गर्दा दक्षिण एसियामा आफ्नो प्रभुत्व कायम गर्न सकिन्छ भन्ने सोचाइमा छ मोदी प्रशासन । तत्कालीन सोभियत संघसँग २० वर्षे सैनिक सन्धि गरेर इन्दिरा गान्धीले सिक्किम विलय र पाकिस्तान टुक्र्याएर बंगलादेश बनाएकी थिइन् । मोदी अहिले अमेरिकासँग न्युक्लियर ट्रिटी गर्दै पाकिस्तानबाट बलुचिस्तान टुक्र्याउन, चीनबाट तिब्बत विखण्डन गराउन र नेपालबाट तराई हडप्न खोजिरहेका छन् । वस्तुतः चीनका अघि भारत अहिलेसम्म रक्षात्मक अवस्थामै छ । यद्यपि १९६२ को भारत होइन भनेर चीनलाई धम्काइ पनि रहेको छ । अमेरिकासँग रणनीतिक साझेदारी गर्दै भारत-चीनविरुद्ध आक्रामक बन्ने योजनामा छ । साउथ चाइना सीमा चिनियाा सैन्य अड्डाको स्थापनाले एसियामा प्रभाव विस्तार गर्ने अमेरिकी रणनीतिलाई चुनौती दिएको छ । यसलाई भारतले समेत आफ्नो प्रभुत्वमाथिको अंकुशका रुपमा बुझेको छ । एकातर्फ वैदेशिक मामिलामा भारतका गतिविधि उत्ताउला बन्दैछन् भने भारत आफैं आन्तरिक द्वन्द्वमा फस्दै गएको छ । खालिस्तान, बोडो, कस्मिर आन्दोलन चर्किरहेका छन् । नेपाली भाषी भारतीयहरुले गोर्खाल्यान्डका लागि लडाइा लडिरहेका छन् । ब्रिटिस इन्डिया कम्पनीले झन्डै ६०० वटा स्वतन्त्र राज्यहरुमाथि खुनी हमला गरेर भारत नामक देश बनाइदिएका हुन् । अब तिनै राज्यहरुले विद्रोह सुरु गर्दैछन् । टिस्टा काँगडासम्मको नेपाली भूभाग भारतले कब्जा जमाइरहेको छ । ग्रेटर नेपाल बन्ने डरले गोर्खाल्यान्ड आन्दोलनमाथि दमन भइरहेको छ । चीनले सिक्किमको विषय उठाउँदैछ र टिस्टा काँगडाबारे बोलेको छैन । तिब्बतलाई सुरक्षित राख्नका लागि पनि चीनले नेपालको विषय उठाउन जरुरी छ । ग्रेटर नेपाल कायम नभएसम्म तिब्बत सुरक्षित रहन सक्दैन । दोक्लाम प्रकरणमा यदि चीन र भारतबीच युद्ध भए सिक्किम स्वतन्त्र र ग्रेटर नेपाल कायम नहोला भन्न सकिन्न ।

## सम्मान...

जनताको तारिफ गर्नुभयो ।

कार्यक्रमका सभापति तथा पत्रिकाका प्रकाशक/सम्पादक सुरेन्द्र ढकालले ग्रेटर नेपाल आन्दोलनको औचित्यतामाथि प्रकाश पार्नुभएको थियो । उहाँले आफू जर्मनमा हुँदा पूर्वी जर्मनका जनताले वर्लिनको पर्खाल भत्काई पश्चिम जर्मनसँग मिल्न आएको प्रत्यक्ष रुपले देखेकाले नेपाल भारतभन्दा आर्थिक वृद्धि दरमा एक प्रतिशतले मात्र अघि गएको खण्डमा दार्जिलिङबासी नेपाली जनता पनि नेपालसँग मिल्न आउने सम्भावना रहेको बताउनुभयो । जर्मनीको एकीकरणलाई पनि विश्वले असम्भव भनेका थिए । तर पश्चिम जर्मनको बलेको आगो ताप्न पूर्वी जर्मनका जनतालाई कसैले रोक्न सकेन । नेपाल पनि आर्थिक रुपले बल्न सकेको खण्डमा विशाल नेपालको क्षेत्रमा बसेका टिस्टा-काँगडाका जनतालाई नेपालसँग एक हुन कसैले रोक्न सक्दैन ।

ढकालले आफू विशाल नेपालको मुद्दा उठाउने पहिलो अभियन्ता भएको र अहिले यो विषय दिनानुदिन झाँगिँदै गएको यसै बेला दार्जिलिङ, सिक्किममा देखिएको राजनीतिक घटनाक्रम तथा चीन भारतबीचको तनावलाई विश्लेषण गर्दा ग्रेटर नेपाल टाढा नरहेको बताउनुभयो । उहाँले दार्जिलिङमा चलिरहेको गोर्खाल्यान्ड आन्दोलनको समर्थन गर्दै भारतले सिक्किम र दार्जिलिङलाई नाकाबन्दी लगाएर ती भूभाग आफ्नो नभएको पुष्टि गरेको बताउनुभयो । दार्जिलिङ सिक्किम भारतकै भए पक्कै पनि आफ्नो जनतालाई आफैं नाकाबन्दी गर्ने थिएन । सुगौली सन्धिमा खुम्चिएको भूभागमाथि पनि दिनानुदिन भारतीय अतिक्रमण बढ्दै गएको र सरकार आँखा चिम्लिएर बसेको बेलामा आफ्नो भूमि जोगाउन सीमा क्षेत्रका जनताले बहादुरीपूर्वक लडेको बताउँदै मधेसी जनता सच्चा राष्ट्रवादी रहेको बताउनुभयो । उहाँले देवननारायण यादव जस्ता खाली हात भारतीय सीमा सुरक्षा बलसँग मुकाबिला गर्न सक्ने जनता पनि मधेसमा रहेकाले सच्चा देशभक्तको रुपमा यादवलाई ग्रेटर नेपाल सम्मान प्रदान गरेको बताउनुभयो ।

कार्यक्रममा सम्मानित हुनुभएका देवनारायण यादवले अत्यन्तै जोशिलो मन्तव्य प्रस्तुत गर्दै राज्यले सीमा अतिक्रमणको बेवास्ता गरेको बेला जनता र पत्रकारको सहयोगमा अतिक्रमणविरुद्ध संघर्ष भएको बताउनुभयो । उहाँले भारतले दशगजा क्षेत्रमा बनाएका बाँध र सडकका कारण तराई मधेस डुबानमा परेर जलमग्न हुने गरेको, सप्तरीका जनताले पनि ठूलो पीडा भोगिरहेको बताउनुभयो । भारतले तिलाठी आसपासका क्षेत्रमा मात्र ४ किलोमिटर बाँध बाँधेको जसले गर्दा बर्सेनि ठूलो क्षति भएको बताउनुभयो । हाम्रा नेताहरु केवल कुर्सीका लागि मात्र संघर्ष गर्ने गरेका र जनताका समस्याको बेवास्ता गर्ने गरेकाले मुलुकलाई नै विखण्डनको अवस्थामा लागेको भन्दै चिन्ता प्रकट गर्नुभयो । यादवले आफूलाई सम्मान गरेकोमा धन्यवाद दिँदै आफ्नो प्राण रहेसम्म मातृभूमिको रक्षाका लागि संघर्ष गर्ने संकल्प गर्नुभयो ।

प्रेस काउन्सिल सदस्य तथा वरिष्ठ पत्रकार गोविन्द चौलागाईंले पत्रिकालाई शुभकामना व्यक्त गर्दै साना लगानीका अखबारहरुलाई दिगो र व्यवस्थित बनाउनेबारे आफू सक्रिय रुपमा लागिरहेको बताउनुभयो । उहाँले पत्रकार र पत्रपत्रिकाले समाचार, लेखरचना सम्प्रेषण गर्दा आचारसंहिताको ख्याल गर्नुपर्ने बताउनुभयो । ग्रेटर नेपालको राष्ट्रियताको अभियानलाई समर्थन गर्दै चौलागाईंले प्रेस काउन्सिलको तर्फबाट आफूले सक्ने सहयोग पुऱ्याउने बताउनुभयो ।

बाल विकास समाजका अध्यक्ष सुवास गौतमले बालबालिका र महिलाका सम्बन्धमा पत्रिकाले आफ्नो सिंगो पेज नै संस्थालाई उपलब्ध गराएकोमा धन्यवाद दिनुभयो । उहाँले पत्रिकाको स्थापनाकालदेखि नै बाल विकासका गतिविधि निरन्तर प्रकाशित भइरहेका र आगामी दिनमा पनि सहकार्य जारी रहने बताउनुभयो ।

विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानका अध्यक्ष गोपीकृष्ण प्रसाईंले शुभकामना मन्तव्य व्यक्त गर्दै राष्ट्रियताको आन्दोलनमा ग्रेटर नेपाल साप्ताहिकले खेजेको भूमिकाको प्रशंसा गर्नुभयो । उहाँले पत्रिकाले विभिन्न विषयका अतिरिक्त भाषा साहित्यलाई पनि राम्रो स्थान दिँदै आएकोमा धन्यवाद व्यक्त गर्नुभयो । पत्रिकाका कार्यकारी सम्पादक तेजेन्द्र प्रसाईंले स्वागत मन्तव्य प्रस्तुत गर्दै पत्रिकाको गतिविधिबारे जानकारी गराउनुभएको थियो । उहाँले पत्रिकाको मिसन राष्ट्रियताको संरक्षण, सामाजिक विकृति र भ्रष्टाचारको विरोध, पर्यावरण संरक्षण र पर्यावरणमैत्री आर्थिक क्रान्ति रहेको बताउनुभयो ।

कार्यक्रममा पत्रिकाका भाषा सम्पादक तथा कवि घनश्याम ओली र लीलामाया गौतमले राष्ट्रको चिन्ताले ओतप्रोत भएका कविता प्रस्तुत गर्नुभएको थियो । पत्रिकाका प्रबन्ध निर्देशक किरण थापाले सञ्चालन गर्नुभएको कार्यक्रममा पूर्वमन्त्री डम्बर श्रेष्ठ, नेकपा मालेका पोलिटब्युरो सदस्यहरु वीरेन्द्र थपलिया, रेशमराज रिमाल, देपसा मोर्चाका उपाध्यक्षद्वय सुदर्शन लामिछाने, लीलामाया पौडेल, चलचित्र निर्देशक , निर्माता मनोज पण्डित तथा वरिष्ठ पत्रकारहरु विजय विस्फोट, विष्णु प्रसाईं, एलएस लामा, एकराज दहाल, ग्रेटर नेपालका अतिथि सम्पादक विष्णु भट्टराईलगायत अतिथिको रुपमा रहनुभएको थियो । रोटरी क्लब डिल्लीबजार, नेगास लगायतका संस्थाका प्रतिनिधि, समाजसेवी, शिक्षक, पत्रकार तथा पत्रिकालाई माया गर्नेहरुको बाक्लो उपस्थितिले हल खचाखच भरिएको थियो ।

## प्लास्टिक...

विकासोन्मुख देशमा प्लास्टिकको चामल बिक्री भइरहेको हल्ला सामाजिक सञ्जालमा भाइरल भइरहेको छ । विभिन्न भिडियोमा प्लास्टिकको चामल र प्राकृतिक चामल भन्दै फरक छुट्याइएको पनि देख्न सकिन्छ । अफ्रिकी मुलुक सेनेगलमा पछिल्ला केही साता यस्तै हल्ला फैलिएका छन् । सेनेगलपछि गाम्बिया र घानामा पनि यस्तै हल्ला चलेपछि घानाको खाद्य तथा औषधि प्राधिकरणले सत्यतथ्य पत्ता लगाउन अनुसन्धान गर्ने निर्णय गऱ्यो । घानाको खाद्य तथा औषधि प्राधिकरणले उपभोक्ता र व्यापारी दुवैलाई बोलाएर प्लास्टिकबा बनेको चामल जस्तो देखिने कुनै पनि ब्रान्डको चामल भेटिएमा त्यसको नमुना पेस गर्न आग्रह गऱ्यो र अन्त्यमा घानाको बजारमा प्लास्टिकले बनेको कुनै पनि चामल नबेचिएको निष्कर्ष निकाल्यो ।

यसरी विश्वभर हल्लाका रुपमा फैलिएको प्लास्टिकको चामलको हल्ला पहिले कहाँबाट सुरु भयो त ? यसको कौतुहलता हामी सबैको मनमा आउन सक्छ । प्लास्टिकका चामलका बारेमा सर्वप्रथम चीनबाट हल्ला चलेको थियो । प्लास्टिकको चामल बजारमा पाइने गरेको हल्ला सन् २०१० देखि चीनबाट सामाजिक सञ्जालमा फैलिएको थियो ।

प्लास्टिकका चामल बन्ने र त्यो उपभोक्तालाई बुद्धिमानी तरिकाबाट ठग्नका लागि प्राकृतिक चामलसँग मिसाएर बेचिन्छ । सुरुमा नक्कली चामलबाट फैलिएको हल्ला पछि गएर प्लास्टिकको चामलसम्म पुगेको छ । एउटा घटना त यस्तो भयो कि साधारण याचुङ नामक धानको चामल एउटा कम्पनीले बजार पठायो । तर त्यसलाई पनि प्लास्टिकको चामल भएको हल्ला गरियो । त्यसपछि सन् २०११ म चीनमा आलु र उद्योगबाट निस्कने च्यापच्यापी लाग्ने चोपबाट चामल बनाइन्छ भन्ने हल्ला पनि फैलियो । त्यसपछि चिनियाँ रेस्टुराँ एसोसिएसनका पदाधिकारीले तीन कचौरा प्लास्टिकको चामल खानु भनेको एउटा प्लाष्टिकको झोला खाएबमोजिम हुने चेतावनी दिएको हल्ला पनि विश्वभर चल्यो ।

चामलका रुपमा ठूलो मात्रामा प्लास्टिकका चिप्स बनेको केही घटना पुष्टि भएका छन् । जलमार्गबाट सामान ओसारपसार गर्ने बेला प्रयोग हुने गरी प्लास्टिकका चिप्स बन्ने गरेको भए पनि धेरैजसो अवस्थामा साधारण चामलभन्दा प्लास्टिकका चिप्स महँगो हुने बताइएको छ । अफ्रिकामा यस्तो हल्ला सन् २०१६ मा नाइजेरियाली सरकारले २.५ टन चामल जफत गरेपछि चलेको थियो । भन्सारका कर्मचारीले सुरुमा प्लास्टिकको चामल भएका कारण जफत गरिएको बताएका थिए । तर पछि नाइजेरियाका स्वास्थ्यमन्त्रीले प्लास्टिकका चामल भएको केही प्रमाण नभएको बताएपछि भन्सारका कर्मचारीले आफ्नो धारणा फिर्ता लिएका थिए । स्वास्थ्य मन्त्रालयले गरेको परीक्षाले चामलमा ब्याक्टेरियाको मात्रा बढी भएको पाइसकेको थियो । चामलका रुपमा प्लास्टिक बेचिएको हल्ला फैलिएको थियो । सामाजिक सञ्जालमा चामलको बललाई मानिसहरुले उफारिरहेको देखाएका छन् । कतिले त फ्याक्ट्रीमा कसरी प्लास्टिकको चामल बनाइन्छ भन्ने समेतका भिडियो राखेका छन् । ब्रिटेनमा आधारित औधोगिक समूहका राइस एसोसिएसन समूहका निर्देशक एलेक्जेन्डर बाफले धानबाट राम्ररी चामल बनाइयो भने उफ्रने खालको हुन भन्दै भिडियो आधिकारिक हुन सक्ने तर प्लास्टिकको अन्न भने हुन नसक्ने बताएका छन् ।

## पश्चिम...

उद्धृत गर्दै बीबीसीले जनाएको छ । हिंसाकै कारण उनी एक सातादेखि अदालत जान सकेका छैनन् । हिंसा लम्बिदै जाँदा खाद्यान्न लगायत वस्तुको अभाव भएको उनको भनाइ छ ।

दंगाले राजनीतिक रंग लिन सक्ने संकेत देखिएको छ । पश्चिम बंगालका गभर्नर केसरीनाथ त्रिपाठीले मुख्यमन्त्री ममता बेनर्जीले हिंसा भड्काएको आरोप लगएका छन् । भारतीय जनता पार्टीका पूर्वनेता समेत रहेका त्रिपाठीले सरकारकै कारण पश्चिम बंगालमा बारम्बार जातीय द्वन्द्व हुने गरेको बताएका छन् । भाजपा र अन्य विपक्षी दलका नेता र सांसदहरुलाई दंगाग्रस्त क्षेत्रमा भ्रमण गर्न सरकारले प्रतिबन्ध लगाएको छ । पश्चिम बंगालमा २७ प्रतिशत जनसंख्या मुस्लिम छन् । पछिल्लो १८ महिनामा बंगालमा धार्मिक द्वन्द्वसँग सम्बन्धित आधा दर्जन बढी हिंसा भएका छन् । यही बेला दार्जिलिङमा गोर्खाल्यान्ड आन्दोलन चर्किरहेको छ । गोर्खाल्यान्ड आन्दोलनलाई छायाँमा पार्न मुख्यमन्त्री बनर्जीले जातीय दंगा भड्काएकी त होइनन् ?

## सप्तकोशी...

पर्छ । त्यसैले यस्ता बाँधहरु भौगोलिक कारणले असुरक्षित मानिन्छन् । कमजोर भौगर्भिक कारणले बाँध भत्किन गएमा यसबाट हुने असर कहालिलाग्दो हुनेछ । अझ यो उच्च बाँध निर्माणलाई प्रस्ताव गरिएको क्षेत्र भूकम्प जान सक्ने संवेदनशील क्षेत्र अन्तर्गत पर्ने भएकाले भूगर्भविदहरु यो बाँधको भूकम्पीय सुरक्षाप्रति चिन्तित छन् । प्रस्तावित बाँधले तराई तथा पहाड गरी नौ जिल्लाका २५० बढी गाउँ आंशिक तथा पूर्ण रुपमा डुबानमा पर्न सक्छन् । जलवायु तथा मौसम विभागको तथ्यांकअनुसार कोशी नदीको चतरामा उचाइ समुद्र सतहबाट करिब १४० मिटर छ । अहिले अनुमानित उच्च बाँध ३३५ मिटर बाँध बाँधेमा समुद्र सतहबाट ४७५ मिटरसम्म उचाइमा रहेका तराईका खेतीयोग्य जमिन साथै पहाडका खोला नजिक धानबाली हुने टारहरु यस उच्च बाँधको निर्माणसँगै पोखरीमा परिणत हुनेछन् । धरान धनकुटा सडकको ठूलो खण्ड साथै त्यस सडक अन्तर्गतको तमोर नदीमा निर्माण गरिएको मूलघाट पुल (उचाइ करिब २८० मिटर) संखुवासभाको तुम्लिङटार विमानस्थल (उचाइ ४५० मिटर) समेत पूर्ण डुबानमा पर्छन् ।

हिन्दूहरुको पवित्र धार्मिकस्थल बराह क्षेत्र यसबाट अत्यधिक प्रभावित हुनेछ । यो क्षेत्र डुबानमा परी लोप हुने खतरा छ । बाँध बन्ने स्थान चतरादेखि भारतीय सीमासम्म कोशी नदीमा माछा मारी जीविका चलाइरहेका सयौं नेपाली मछुवाराको पेसा समाप्त हुनेछ । कोशी नदीले निर्माण गरेको कोशी टापु जुन चरा तथा वनस्पति अध्ययनका लागि महत्वपूर्ण मानिन्छ त्यो पूर्ण रुपमा ध्वस्त हुनेछ । साथै पानीमा आश्रित सबै जीवजन्तुको नाश हुनेछ । नदी मानव र जीवजन्तुबीच भइरहेको जीवनचक्र खलबलिनेछ र यसको अप्रत्यक्ष असर कालान्तरमा आउनेछ । उच्च बाँधको निर्माणपछि विहारको डुबान बन्द भई अधिकांश भागमा सिंचाइ सुविधा हुनेछ । उत्पादित अधिकांश विद्युत भारतले उपयोग गर्नेछ । डीपीआर अर्थात् डिटेल प्रोजेक्ट रिपोर्ट आफैं प्रस्ट रुपमा आयोजनाको अध्ययन हो । यसबाट नेपालले कति फाइदा लिन सक्छ र कसरी थाहा हुन्छ । भारतीय प्राविधिकहरु विहारमा बर्सेनि हुने बाढीको रोकथामको अन्तिम विकल्प उच्च बाँध मात्र हुन सक्ने बताउँछन् । भारतको सप्तकोशी उच्च बाँधको लक्ष्य बाढी नियन्त्रण नै हो । नेपालको कोलकातासम्मको जलपरिवहनमा भारतको कुनै ठोस अडान छैन । कोशी बाढीले बगाएको टावर मर्मतमा समेत भारतले चासो दिने गरेको छैन । महाकाली सन्धि भएको यति वर्ष बितिसक्दा पनि आयोजनाको निर्माण चरण भारतले सुरु गरेको छैन साझा नदीको विवाद निकालिरहेको छ ।

अन्तर्राष्ट्रिय मापदण्ड विपरीत नेपाली सीमा नजिकै विभिन्न बाँध बाँधेर नेपाली भूमिलाई बर्सेनि डुबानमा पारिरहेको छ । नदीहरुको प्राकृतिक बहावलाई रोक्न भारतले सीमा क्षेत्रमा तटबन्ध बनाएर नेपालको थुप्रै गाउँलाई जलाशयमा परिणत गरिरहेको छ । कोशी उच्च बाँधबाट पनि नेपाललाई जोखिम र भारतलाई सिंचाइ प्राप्त हुनेछ । विहारको बाढी मुक्ति नै उच्च बाँधको भारतीय लक्ष्यलाई नेपालले बुझ्न जरुरी छ ।

## बंगलादेशलाई हराउँदै नेपाली टोली

काठमाडौं । यु-२३ च्याम्पियनसिपको तयारीमा रहेका नेपाली यु-२३ टोलीले बंगलादेशको यु-२३ टोलीलाई १-० गोलले हराएको छ । ललितपुरको सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको खेलमा नेपालका लागि कप्तान बिमल घर्तिमगरले गोल गर्दै विजयी बनाएका हुन् । खेलको २० औं मिनेटमा अन्जल बिष्टले दिएको क्रश पासलाई बिमलले गोलमा परिणत गरेका हुन् ।